
# लेखापरीक्षण प्रतिवेदन

# तिलाठी कोईलाडी गाउँपालिका, सप्तरी

## आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# तिलाठी कोईलाडी गाउँपालिका, सप्तरी

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

## महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वियनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

महालेखापरीक्षकको कार्यालय
Office of the Auditor General
प्रादेशिक लेखापरीक्षण महानिर्देशनालय, मधेश प्रदेश
काठमाडौं

प.सं.:2081/82 मिति : २०८२-२-११

च.न.:FAR/2080-81/LOC/734

**विषयः लेखापरीक्षण प्रतिवेदन।**

श्री प्रमुखज्यू,
तिलाठी कोईलाडी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,
सप्तरी।

**कैफियतसहितको राय।**

हामीले तिलाठी कोईलाडी गाँउपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन,बजेटको तुलनात्मक विवरण, स्थानीय संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौं।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक, पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेटको तुलनात्मक विवरण, स्थानिय तहको संचित कोषको वार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरु समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. गाउँपालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ। गाउँपालिकाले पेश गरेको प्राप्ति र भुक्तानीको एकीकृत वित्तीय विवरण (म.ले.प. फा. नं. २७०) मा अन्तरसरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त गरी खर्च भएको सामाजिक सुरक्षा तथा संरक्षणको रु. १४ करोड ५७ लाख ५१ हजार, पर्यटन पूर्वाधार विकासको रु.९९ हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु. १४ लाख २७ हजार र गरिबसँग विश्वेस्वर कार्यक्रमको रु.४ लाख १५ हजार समेत गरी रु.१४ करोड ७६ लाख ९३ हजार समावेश गरेको छैन।
२. गाउँपालिकाको लागिसंघीय सरकारबाटसशर्त अनुदान, समपूरक अनुदान र विशेष अनुदान गरी जम्मा रु. १९ करोड ८३ लाख ८८ हजार प्राप्त भएकोमा वर्षान्तसम्म खर्च हुन नसकी रू. ४ करोड ३० लाख ५९ हजार बचत रहेको छ । उक्त रकम सङ्घीय सञ्चित कोषमा फिर्ता गरेको छ । सङ्घबाट प्राप्त भएको अनुदान रकम खर्च हुन नसक्दा स्वीकृत कार्यक्रम कार्यान्वयनमा असर परेको छ ।
३. तिलाठी कोईलाडी गाउँपालिकाको रु. १ अर्व ९ करोड ३६ लाख ८५ हजार लेखापरीक्षण गरिएकोमारू. १ करोड ६३ लाख बेरुजू देखिएको छ। सो सम्बन्धमा प्रतिकृया प्राप्त भएको छैन । बाँकी बेरुजुमा असुल गर्नुपर्ने रू. ८ लाख ६३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू. ७७ लाख ७६ हजार, नियमित गर्नुपर्ने रु. १७ लाख ८७ हजार र पेस्की बाँकी रु. ५८ लाख ७४ हजार समेत यस वर्ष रू. १ करोड ६३ लाख रहेको छ। पालिकाको गतवर्षसम्म रु.४१ करोड २० लाख १९ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको

अद्यावधिक बेरुजू रु. ४२ करोड ८३ लाख १९ हजार रहेको छ। **बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।**

४. गाउँपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरु ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरु खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान,लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने गाउँपालिकासँग हामी स्वतन्त्र छौं। त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौं। लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

## अन्य बेहोरा

लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस प्रतिवेदनमा औल्याइएको छ।

## वित्तीय विवरण उपर व्यवस्थापनको जिम्मेवारी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागु गर्ने जिम्मेवारी गाउँपालिका व्यवस्थापनमा रहेको छ। गाउँ कार्यपालिका, गाउँपालिका अध्यक्ष र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

## वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेकोनेपाल सरकारी लेखापरीक्षणमान,मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय कारोवारको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(ईन्द्र प्रसाद आचार्य)

नायब महालेखापरीक्षक

चालु वर्षको बेरुजु

बेरुजु वर्गीकरण

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्र्यौट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएका | प्रमाण कागजात पेश नभएका | जिम्मेवारी नसारेका | सोधभर्ना नलिएका | जम्मा | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | |
| ५१ | ३४ | १,६३,००,५५४ | ० | ० | ० | ० | ५१ | ३४ | १,६३,००,५५४ | ८,६३,४६४ | १७,८७,२३६ | ७७,७५,५९१ | ० | ० | ९५,६२,८२७ | ५८,७४,२६३ |

अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| सप्तरी | ४१,२०,१९,००० | | | ४१,२०,१९,००० | | १,६३,००,५५४ | ४२,८३,१९,५५४ |

# (८०२१५५०४३०० - तिलाठी कोईलाडी गाउँपालिका, सप्तरी )

## परिचय

१ **परिचयः**

**(क) कार्यालय परिचय :-** स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवर्दन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु यस पालिकाको उद्देश्य रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।९।२५ देखि २०८१।१०।०१ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र, लेखापरीक्षण अनुबन्ध पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि पर्याप्त भौतिक एवं स्थलगत अवलोकन गर्न भौगोलिक कठिनाइ, समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** कार्यालयको आय – व्ययतर्फ रु. ५९३९०९८१.१५, सम्पत्ति तथा दायित्व तर्फ रु. ० को गरी जम्मा रु. ५९३९०९८१.१५ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सो को विस्तृत विवरण अनुसूची -१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा निम्नानुसारको रु. १०,४८,६४५।०० असुल भई दाखिला प्रमाण पेश भएको छ ।

| सि.नं | बिवरण | रकम रु. |
|---|---|---|
| १ | छात्रवृत्ति वापत बढी भुक्तानी भएको रकम असुल भै दाखिला भएको प्रमाण पेश भएको। | ४५२०० |
| २ | नर्म्सभन्दा बढी भुक्तानी भएको रकम असुल भै दाखिला भएको प्रमाण पेश भएको। | ५४८३ |
| ३ | दिवा खाजा वापत भुक्तानी हुनुपर्नेभन्दा बढी भुक्तानी भएको रकम असुल गरी दाखिला भएको प्रमाण पेश भएको। | ६८५२९० |
| ४ | प्राविधिक धारमा अध्ययनरत विद्यार्थीहरुको प्रति विद्यार्थी शिक्षण सिकाई सामाग्री तथा Lab व्यवस्थापनका लागि खर्च रकम बढी भुक्तानी भएकोमा असुल भै दाखिला भएको प्रमाण पेश भएको । | २६६६५० |
| ५ | पाठ्यपुस्तक अनुदान रकम भुक्तानी हुनुपर्नेभन्दा बढी भुक्तानी भएको रकम असुल भै दाखिला भएको प्रमाण पेश भएको । | ४६०२२ |

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

२ **वित्तीय प्रतिवेदन**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | |
|---|---|---|---|---|---|
| | | नगद | जम्मा | नगद | जम्मा |
| | राजस्व, अनुदान र अन्य प्राप्ति | | | | |
| ११००० | कर | ६,४७,६१,९०८.६५ | ६,४७,६१,९०८.६५ | ८,८४,७४,४९७.६९ | ८,८४,७४,४९७.६९ |
| १३००० | अनुदान | २७,१५,२९,९१४.८८ | २७,१५,२९,९१४.८८ | ३३,३१,६८,४३९.४४ | ३३,३१,६८,४३९.४४ |
| १४००० | अन्यराजस्व | ५,०६,६२७.२६ | ५,०६,६२७.२६ | ५९,२५,५१४.५६ | ५९,२५,५१४.५६ |
| १५००० | विविधप्राप्ति | ६८,०००.०० | ६८,०००.०० | ० | ० |
| क | **कुलजम्मा प्राप्ति** | ३३,६८,६६,४५०.७९ | ३३,६८,६६,४५०.७९ | ४२,७५,६८,४५१.६९ | ४२,७५,६८,४५१.६९ |
| ३ | चालु | २५,३६,४५,५०४.०२ | २५,३६,४५,५०४.०२ | ३६,१३,८०,०१८.८३ | ३६,१३,८०,०१८.८३ |
| २१००० | पारिश्रमिक / सुविधा | १२,३३,८५,००२.६५ | १२,३३,८५,००२.६५ | १३,५०,९०,२७५.९६ | १३,५०,९०,२७५.९६ |
| २२००० | मालसामानतथा सेवाको उपयोग | १२,०४,५९,६८६.३७ | १२,०४,५९,६८६.३७ | १०,५८,०१,७३७.६९ | १०,५८,०१,७३७.६९ |
| २५००० | सहायता (Subsidy) | ३,००,०००.०० | ३,००,०००.०० | २,८५,०८,६२८.०० | २,८५,०८,६२८.०० |
| २७००० | सामाजिकसुरक्षा | ६९,३५,३५६.०० | ६९,३५,३५६.०० | १,१०,६६,७७८.४० | १,१०,६६,७७८.४० |
| २८००० | अन्यखर्च | २५,६५,४५९.०० | २५,६५,४५९.०० | ८,०९,१२,५९८.७८ | ८,०९,१२,५९८.७८ |
| ४ | पूंजीगत | ९,५०,८६,३१२.०० | ९,५०,८६,३१२.०० | १८,८७,४०,३८६.९९ | १८,८७,४०,३८६.९९ |
| ३१११० | भवनतथा संरचना | ३७,५६,२०९.०० | ३७,५६,२०९.०० | १,९९,०३,६३१.०० | १,९९,०३,६३१.०० |
| ३११२० | सवारीसाधन, मेशिनरी औजार, फर्निचर्स तथा फिक्चर्स | ३०,६२,७८३.०० | ३०,६२,७८३.०० | १,१६,९७,४५०.०० | १,१६,९७,४५०.०० |
| ३११३० | अन्यपूँजीगत खर्च | २१,७४,९८३.०० | २१,७४,९८३.०० | ५९,२८,०८२.०० | ५९,२८,०८२.०० |
| ३११४० | सुरक्षाउपकरण | ७,९५,५०५.०० | ७,९५,५०५.०० | ० | ० |
| ३११५० | सार्वजनिकनिर्माण | ७,९९,००,०४५.०० | ७,९९,००,०४५.०० | १५,१२,११,२२३.९९ | १५,१२,११,२२३.९९ |
| ३११६० | निर्मितसरचनाकोसुधार खर्च | ५३,९६,७८७.०० | ५३,९६,७८७.०० | ० | ० |
| ख) | **कुलजम्मा भुक्तानी** | ३४,८७,३१,८१६.०२ | ३४,८७,३१,८१६.०२ | ५५,०१,२०,४०५.८२ | ५५,०१,२०,४०५.८२ |
| ग) | **बचत /कमी (ग = क-ख )** | (१,१८,६५,३६५.२३) | (१,१८,६५,३६५.२३) | (१२,२५,५१,९५४.१३) | (१२,२५,५१,९५४.१३) |
| घ) | **धरौटी, आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/घट (+/-)** | (१,०७,००,१५८.३६) | (१,०७,००,१५८.३६) | (८,९३,२११.१८) | (८,९३,२११.१८) |
| घ.१) | **कट्टीरकम भुक्तानी/दाखिला गर्न बाकी** | (१,४४,४१९.००) | (१,४४,४१९.००) | -७,८००.०० | -७,८००.०० |
| ङ) | **यसआ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ** | (२,२५,६५,५२३.५९) | (२,२५,६५,५२३.५९) | (१२,३४,४५,१६५.३१) | (१२,३४,४५,१६५.३१) |

| | | | | | |
|---|---|---|---|---|---|
| | = ग+घ) | | | | |
| च) | **गतआ.व.को नगद तथा बैंक मौज्दात** | ६,३५,०१,०७५.१४ | ६,३५,०१,०७५.१४ | १९,२६,३७,६३३.०१ | १९,२६,३७,६३३.०१ |
| छ) | **आ.व.अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ)** | ४,०९,३५,५५१.५५ | ४,०९,३५,५५१.५५ | ६,९१,९२,४६७.७० | ६,९१,९२,४६७.७० |

३ **कर दायित्व**

पालिकाले तयार गरेकोवित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) अनुसार वर्षान्तमा विभिन्न भुक्तानीहरुमा कट्टी गरेको कर दायित्व रु.१,४४,४१९।०० देखाएको छ ।कार्यालयले पेश गरेको विवरण अनुसार सो रकम दाखिला भएको छ।तर (म.ले.प.फा.नं २७०-१) मा कर दायित्व कायमै देखिएकोले । कार्यलयले यकिन गरि सुत्रमा हिसाव मिलान गर्नुपर्ने देखिएको रू.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,४४,४१९ |

४ **वित्तीय विवरणको यथार्थता**

पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवदेन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०-१) तयार गर्नुपर्छ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४५७५१३१०, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१४२७५००,गरिव सँग विशेश्वर कार्यक्रमको रु.४१५००० र पर्यटन पूर्वाधार विकाश आयोजनाको रु.९९४४० समेत गरी रु.१४७६९३२५० सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

५ **फरक हिसाब**

यस पालिकाले सुत्रबाट तयार गरेको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) ले सबै कारोबार नसमेटेको कारण लेखापरीक्षणका क्रममा पालिकाबाट भएका सबै कारोबार समेटिने गरी एकीकृत आर्थिक विवरण तयार गर्न लगाइएकोमा उक्त दुई विवरणमा देहायअनुसार गत वर्षको जिम्मेवारी रु. **१०८६१९२.७९**, यस वर्षको प्राप्ति रु. **२०२६४२७५७.३७** यस वर्षको भुक्तानी रु. **१९४०५३९८०.३४** र बैङ्क मौज्दात रु. **१८२०२७४२.६** फरक परेको छ । सुत्रमा पालिकाको सम्पूर्ण आर्थिक कारोबारहरु समाविष्ट गरी म.ले.प.फा.नं.२७०-१ ले पालिकाको समष्टिगत आर्थिक कारोबारको यथार्थ अवस्था चित्रण गर्ने व्यवस्था गर्नुपर्दछ ।

| विवरण | गतवर्षको जिम्मेवारी | यसवर्षको प्राप्ति | यसवर्षको भुक्तानी | बैङ्क मौज्दात |
|---|---|---|---|---|
| सुत्र अनुसारको वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं.२७०-१) | ६३५०१०७५.१४ | ३३६८६६४५०.७९ | ३४८७३१८१६.०२ | ४०९३५५५१.५५ |
| एकीकृत आर्थिक विवरणअनुसार | ६२४१४८८२.३५ | ५३९५०९२०८.१६ | ५४२७८५७९६.३६ | ५९१३८२९४.१५ |
| फरक | १०८६१९२.७९ | **२०२६४२७५७.३७** | १९४०५३९८०.३४ | **१८२०२७४२.६** |

६ **फरक जिम्मेवारी**

पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदनअनुसार रु.५६९८३२७९.७९ मौज्दात रहेकोमा यो वर्ष रु.६३५०१०७५.१४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.६५१७७९५.३५ बढी जिम्मेवारी सारेको सम्बन्धमा यकिन गर्नुपर्दछ।

७ **कर तथा शुल्क असुली**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| सम्पती कर | ५००००० | ० | ० |
| भुमीकर/मालपोत | ५७४००० | ११९११४७.०७ | २०७.५१ |
| वहाल कर | ५००००० | ० | ० |
| अन्य कर | २०००००० | ८८१९०५.३४ | ४४ |
| बेरुजु | १०००००० | ६८००० | ६.८ |
| अन्य प्रशासनिक सेवा शुल्क | ० | २२००० | |
| अन्य राजश्व | ० | ४४०२६१ | |
| अन्य दस्तुर | ० | ४४००० | |
| सिफारीस दस्तुर | ० | १० | |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ।

## ८ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- आन्तरिक नियन्त्रण प्रणाली तयार गरी पालिकाको कार्य सञ्चालन तथा व्यवस्थापनलाई प्रभावकारी बनाउनुपर्दछ ।पालिकाले उद्धेश्य प्राप्तिमा आइपर्ने सक्ने सम्भावित जोखिमहरु पहिचान गरि सोको निराकरणको प्रयास गरेको अभिलेख राखेको छैन ।
- पालिकाले निर्माण व्यवसायी तथा उपभोक्ता समिति मार्फत कार्य गराएकोमा निर्माण कार्यमा प्रयोग हुने सामानको गुणस्तर परीक्षण गर्ने गरेको पाइएन।
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई मर्मत सम्भार गर्ने जिम्मा सहित हस्तान्तरण गर्नुपर्नेमा सो गरेको पाईएन ।
- भ्रमण खर्च नियमावली, २०६४ अनुसार भ्रमण/अनुगमन प्रतिवेदन पेश गरेर मात्र भ्रमण अनुगमन भत्ता भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले भ्रमण तथा अनुगमन प्रतिवेदन पेश गरेको छैन भने भ्रमण उपलब्धिको मूल्याङ्कन गरेको छैन ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । खर्चको मापदण्ड निर्धारण गरी यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।
- पालिकाले कृषि तथा पशुसँग सम्बन्धित सामग्री, लघुउद्यम विकास सम्बन्धी सामग्री तथा अन्य अनुदान वितरण गर्दा लाभग्राहीको पहिचान खुल्ने गरी नागरिकता नम्बर तथा सम्पर्क नम्बर समावेश नगरी नाममात्र उल्लेख गरी भरपाई गराई वितरण गर्ने गरेको देखियो ।
- संस्थागत विद्यालयहरूको दर्ता, नवीकरण, शुल्क निर्धारण, वर्गीकरण लगायतका अभिलेख व्यवस्थित तवरले राखेको पाइएन ।

- पालिकामा सञ्चालित तालिम,वितरणका कार्यक्रमहरुमा सहभागीहरुको सम्पर्क नम्बर समावेश नगरेकाले कार्यक्रमहरु को सम्बन्धमा सम्पर्क गरि कार्यक्रम सञ्चालन भए नभएको बारे यकिन गर्न सकिएन।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वशनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

### ९ स्थानीय तथ्याङ्क, अभिलेख तथा स्रोत नक्साङ्कन

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क सङ्कलन, अभिलेख र सोको व्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक स्रोत अन्तर्गत खानी, जंगल तथा अन्य स्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने व्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको सङ्कलन र अभिलेख राख्ने कार्य गर्नपर्दछ ।

### १० व्यवसाय कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत को कर लगाएको छैन। तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

### ११ आवधिक योजना

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नेमा यस पालिकाले आवधिक योजना तयार गरेको छैन । आवधिक योजना नहुँदा पालिकाले वार्षिक बजेट तथा कार्यक्रम तयार गर्दा आवधिक योजनाका दीर्घकालीन विषयलाई भन्दा सालवसाली विषयहरुलाई समावेश गरेको देखिन्छ । स्थानीय तहको समग्र विकासका लागि आवधिक योजना तर्जुमा गरी कार्यान्वियन गर्नुपर्दछ ।

### १२ बजेट तथा कार्यक्रम तर्जुमा

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने व्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको व्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ ।

### १३ योजना प्राथमिकीकरण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागिता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख गरेको छ र सोही अनुसार गणना गरी प्राथमिकता आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ। तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नअनुसार ८ वटा वडाको लागि वडागत कुल ७४ र पालिकास्तरका कुल १०९ योजनामा बजेट विनियोजन गरेको छ।

| क्र.सं. | कार्यक्रमको नाम | योजना संख्या | रु.२० लाख माथीका योजना संख्या | रु.५ लाख देखि २० लाख सम्मका योजना संख्या | रु.५ लाख भन्दा कमका योजना संख्या |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १०९ | २ | ५७ | ५० |
| २. | वडास्तरीय | ७४ | २ | ३० | ४२ |
| जम्मा | | १८३ | ४ | ८७ | ९२ |

उपर्युक्त विवरणअनुसार पालिकाले साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वयन गर्नुपर्दछ ।

१४ **लक्ष्य प्रगति**

कार्यालोलयले त्रैमासिक तथा वार्षिक प्रगति विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला तथा केन्द्रीय स्तरका योजनाको नियम बमोजिमको ढाँचामा त्रैमासिक प्रगति विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा वार्षिक प्रगति तयार नगर्ने कर्मचारिलाइ जिम्मेवार बनाउनु पर्दछ ।

| **कार्यक्रम/योजना** | **कुल कार्यक्रम** | **वार्षिक प्रगति स्थिति** | | | | |
|---|---|---|---|---|---|---|
| | | **शून्य प्रगति** | **२५%सम्म प्रगति** | **५०% सम्म प्रगति** | **७५% सम्म प्रगति** | **१००% सम्म प्रगति** |
| **कार्यक्रम संख्या** | १९० | ३८ | ३ | १२ | १० | १२७ |

१५ **वार्षिक खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ ले सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु. 95086312 पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

१६ **क्षेत्रगत बजेट र खर्चको स्थिति**

स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| **क्र.सं.** | **क्षेत्र** | **बजेट** | **खर्च** | **खर्च प्रतिशत** |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ३२६६८७९० | २८९२२०९२ | ८.२९ |
| २ | पूर्वाधार विकास | १२३८१८३२५ | ७९९५१४५८ | २२.९० |
| ३ | सामाजिक विकास | १९८३१८००० | १५६५१५१०४ | ४४.८८ |
| ५ | संस्थागत विकास, सेवा प्रवाह र सुशासन | ३५००००० | १४१०२८९ | ०.४४ |
| ६ | अन्य कार्यालय सञ्चालन तथा प्रशासनिक | १०३९१५९१७ | ८१९३२८७१ | २३.४९ |
| **जम्मा** | | **४६२२२१०३२** | **३४८७३१८१४** | १०० |

उपर्युक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सामाजिक विकासमा मा सबैभन्दा बढी ४४.८८ प्रतिशत र संस्थागत विकास,सेवा प्रवाह र सुशासन मा सबै भन्दा घटी ०.४४ प्रतिशत रहेको छ । पालिकाको अवस्था हेर्दा पुर्वाधार विकास तथा आर्थिक विकास तर्फ बढी प्रतिशत खर्च गर्ने तर्फ ध्यान दिनुपर्दछ।

## १७ खर्च बिश्लेषण

पालिकाले यसवर्ष कुल आन्तिरक आयबाट रु.२७२००६३ राजस्व बाँडफाँड र अनुदानबाट तथा अन्य समेत रु. ६०१९२४०९० आम्दानी भएकोमा चालु तर्फ रु.४०१३३८७५४ र पूँजिगत तर्फ रु.९५०८६३१२ समेत रु.४९६४२५०६६ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा ०.५५ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.७७४४४०० खर्च भएको छ जुन आन्तरिक आयको २८४.७१ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ८०.८४ प्रतिशत चालु र १९.१६ प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्युन खर्च गरी प्रशासनिक तथा सामाजिक सुरक्षा कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## १८ पूँजीगत बजेटमा चालु प्रकृतिका खर्च

पूँजी सृजना नहुने खालका वितरणमूखी खर्चलाई निरुत्साहित गर्दै स्थानीय तहले अधिकतम प्रतिफल दिने र पूँजीको निर्माण हुने एवम् उपयोगिता सिर्जना हुने गरी योजना छनौट तथा कार्यान्वयन गर्नुपर्ने कार्यक्रम छनौट गरी पूँजीगत शीर्षकमा समावेश गरी सिमित स्रोतको उच्चतम प्रयोग गर्नुपर्दछ।यस स्थानीय तहले देहाय अनुसारका पूँजी निर्माणमा सहयोग नरहने, उत्पादनमा वृद्धि नगर्ने किसिमका खर्चलाई बजेटमा नै राखेर पूँजीगत शीर्षकबाट रु.१७१३७३० भुक्तानी दिएको पाईयो । यसरी चालु प्रकृतिको खर्च पूजिगत शिर्षकमा गर्नु उपयुक्त देखिएन ।

| क्र.स | भौ.न/मिति | खर्चको विवरण | रकम |
|---|---|---|---|
| 1. | २०५।२०८१।३।२७ | विभिन्न कार्यक्रम दिवसहरु शुभकामना वैठक तथा अन्य सरसफाइ कार्यक्रम | २२३२३० |
| 2. | ८३।२०८१।३।९ | श्री जनता मावि तोपालाइ उच्च मावि कक्षा सञ्चालन अनुदान | ९००००० |
| 3. | १६।२०८१।१०।२६ | पशु विकास शाखाको विविध खर्च | ६९००० |
| 4. | ३६।२०८०।८।२७ | लागु औषध विरुद्धको सचेतनामुलक तालिम | २४६००० |
| 5. | ४१।२०८०।९।१२ | न्यायिक समिति तथा अपाङ्ग समितिको वैठक | ८३५०० |
| 6. | ४५।२०८०।९।२५ | पशु कार्ग्रम तथ्याङ्क सँकलन लगायतको खर्च | १९२००० |
| | | जम्मा | १७१३७३० |

## १९ गत वर्षको भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन,२०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ। पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित नगरेको तर यस वर्षको बजेटमा समावेश गरि रु.१०७६१००० भुक्तानी दिएको छ।यसरि बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्व वाहेक अरु रकम भुक्तानी दिन बाँकी राख्नुले चालु आवको विकाश निर्माण तथा पालिका स्चालनमा प्रतिकुल असर पार्ने भएकोले यस्तो किसिमको खर्चमा नियन्त्रण गर्नुपर्दछ।

## २० ठेक्का अभिलेख

सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी राख्नुपर्ने व्यवस्था छ। निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध

हुन्छ। तर यस कार्यालयले उक्त विवरण देखिने गरी अभिलेख राखेको देखिएन।अतः स्वीकृत ढाचा अनुसार सवै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ।

## २१ परामर्स तथा डीपीआर खर्च

बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस कार्यालयले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| कार्य विवरण | परामर्शदाता | स्वीकृत रकम | खर्च रकम | अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत | कार्यान्वयनको अवस्था |
|---|---|---|---|---|---|
| १. धर्मनारायण राय स्मारक देखी बरसाईन हुदै कुशाहा सम्म सडक<br>२. मधेपुरा डिहबार थान देखी परसाही टोल सम्म सडक | युनिक सोलुसन्स इन्जिनियरिङ्ग कन्सल्टेन्सी | ४९३७३३ | ४९३७३३ | ५६५२५८५४ र ४९२४८१०५ | हालसम्म नभएको |
| १ वडा नं ३ मा स्मारक देखी हटिया हुदै कुनौली फतेपुर सडक सम्म सडक<br>२ हरीकिशुन मुखीयाको घर देखी रम्पुरा सिमाना सम्म सडक | आर.एस. इन्जिनियरिङ कन्सलटेन्ट एण्ड कन्ट्रक्सन | ४९४२५० | ४९४२५० | ५१२४४०८७ | हालसम्म नभएको |
| १७ वटा विद्यालयमा खानेपानी तथा सरसफाई सम्बन्धी डी पी आर | किरु ईन्जीनियरीङ्ग कन्सल्टेन्ट प्रा लि | १८९९३३९ | १८९९३३९ | | हालसम्म नभएको |
| **जम्मा:** | | **२८८७३२२** | **२८८७३२२** | | |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा कार्यालयको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा कार्यालयको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनुपर्दछ ।

## २२ लागत सहभागिता

पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ ।

## २३ जिन्सी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भित्र लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । महालेखा नियन्त्रक कार्यालयले २०७७।८।७ मा २०७७।९।७ भित्र सवै तहका कार्यालयहरुलाइ २०७६।७७ सम्मको मौज्दात प्रबिष्टि र जिन्सी निरीक्षण फारम अनिवार्य रुपमा (PAMS)मा प्रविष्ट गर्ने र अनिवार्य रुपमा (PAMS) मा सरकारी सम्पत्तीको लेखाङ्कन गर्न परिपत्र गरेको छ । यस सम्बन्धि देखिएको व्यहोरा निम्नानुसार छः

· यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको छैन ।

· नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण गराई सोको आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ। जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका सामानहरुको मर्मत तथा लिलाम गरी जिन्सी अधावधिक गर्नुपर्दछ ।

## २४ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । यस पालिकाले हालसम्म ४ वटा ऐन, ५ वटा नियमावली, १४ कार्यविधि विद्येयक १ तथा आचारसंहिता १ गरि जम्मा २५ वटा कानुन निर्माण गरी कार्यान्यिनमा ल्याएको छ ।

२५ **सार्वजनिक परीक्षण**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई प्रभावकारी, दिगो र भरपर्दो वनाउन कार्यक्रमको सामाजिक परीक्षण अन्तर्गत सार्वजनिक परीक्षण र सार्वजनिक सुनुवाई गर्नुपर्ने व्यवस्था बमोजिमको कार्य भएको पाइएन । तोकिए बमोजिम सार्वजनिक परीक्षण गरी पालिकाबाट हुने आर्थिक कारोबारमा जवाफदेहिता र पारदर्शिताको प्रवर्द्धन गर्नु पर्दछ।

२६ **तलवी प्रतिवेदन**

निजामती सेवा ऐन २०४९, स्वास्थ्य सेवा ऐन, २०५३ तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४, शिक्षा ऐन, २०२८ मा तलवी प्रतिवेदन पारित गराएर मात्र तलब खर्च लेख्नु पर्ने उल्लेख छ | पालिकाले यो वर्ष तलवी प्रतिवेदन पारित नगराई सङ्घीय सरकारबाट हस्तान्तरित चालु अन्तर्गत स्वास्थ्य तर्फ ५२ कर्मचारीको रु.३२०१८०००।००, र पालिकाका १९ कर्मचारीको रु.१४५१९०००।०० समेत रु.४६५३७०००।०० खर्च लेखेको छ ।तलबी प्रतिवेदन पारित नगरी खर्च लेख्न पाउने भन्दा बढी तलब भत्ता ग्रेड भुक्तानी हुन सक्ने तथा लेखापरीक्षणको क्रममा भुक्तानीको तुलना गर्न नसकिने भएकोले तलबी प्रतिवेदन पारित गराएर तलब भत्ता भुक्तानी गर्नुपर्दछ ।

२७ **करार कर्मचारी**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३मा स्थानीय तहले आफ्नोअधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा स्थायी प्रकृतिको कामको लागि आवश्यक पर्ने तथा सेवा करारमा लिने कर्मचारीको लागि लाग्ने खर्च व्यहोर्ने स्रोत समेत विश्लेषण गरी दरबन्दी प्रस्ताव गर्नुपर्ने र यस्तो दरवन्दीको व्यवस्थापन सर्वेक्षण गरी सभावाट स्वीकृत गराउनुपर्ने व्यवस्था छ । तर पालिकाले विभिन्न पदमा ३८ जना कर्मचारीहरु करारमा राखि रु.१ करोड ४१ लाख ८८ हजार खर्च लेखेको छ । पालिकाले दरबन्दीको व्यवस्थापन सर्वेक्षण नगरेकोले कार्यालयमा रहेको विभिन्न करार कर्मचारीहरु आवश्यकता हो होइन सम्बन्धमा यकीन हुन सकिएन । जसले गर्दा प्रशासनिक खर्चमा वृद्धि हुनुका साथै अन्य कार्य उपलब्धिमा समेत नकारात्मक असर पर्दछ ।

२८ **फोहरमैला व्यवस्थापन**

फोहरमैला व्यवस्थापन ऐन, २०६८ अनुसार स्थानीय तहहरुले स्रोतमै फोहरमैलाको वर्गीकरण गर्न लगाई सोही अनुसार सङ्कलन र व्यवस्थापन गर्ने कार्यको शुरुवात गर्न नसकेको कारण फोहरमैला व्यवस्थापनमा जटिलता देखिएको छ । फोहर उत्सर्जन हुने स्रोतमा नै वर्गीकरण गरी कुहिने, नकुहिने, सिसाजन्य, अस्पतालबाट उत्पादित र इ-वेष्ट लगायतका फोहर वर्गीकरण गरी उपयुक्त व्यवस्थापन गरेको देखिएन । फोहरमैलाको उचित व्यवस्थापन गरी पालिकाको पर्यावरणलाई स्वच्छ राख्नुपर्दछ ।

२९ **पेश्की बाँकी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ५० मा पेश्की दिईएको रकम तोकिएको म्याद भित्र फर्स्यौट गर्नु गराउनु पेश्की लिने दिने दुवै थरिको कर्तव्य हुने उल्लेख छ । पालिकाले निम्न कर्मचारी तथा संस्थालाई दिएको पेश्की आर्थिक वर्षको अन्त्यसम्म फर्स्यौट नभई बाँकी रहेको देखिन्छ । सो मध्ये निम्नानुसारको म्याद नाघेको पेश्की रु. ५८,७४,२६३।०० फर्स्यौट गर्न बाँकी रहेकोले उक्त पेश्की नियमानुसार फर्स्यौट गर्नुपर्ने रु.

| क्र.सं. | पेश्की लिएको मिति | गो. भौ. नं. | पेश्की लिने ब्यक्ती, फर्म वा कम्पनीको नाम | |
|---|---|---|---|---|
| | | | | जम्मा |
| १ | २ | ३ | ५ | |
| १ | कर्मचारी | | | |
| १ | २०८१/०३/११ | ९० | शैलेश कुमार मिश्र | ३०,०००.०० |
| २ | २०८१/०३/११ | ९० | शैलेश कुमार मिश्र | ३३,६००.०० |
| ३ | २०८१/०३/११ | ९० | शैलेश कुमार मिश्र | २,१६,०००.०० |
| ४ | २०८१/०३/२० | २० | उदयकान्त झा | १,५०,०००.०० |
| **जम्मा** | | | | **४,२९,६००.००** |
| ३ | संस्थागत | | | |
| ५ | २०८०/०८/१३ | १९ | स्वास्थय चोकी सचालन तथा व्यवस्थापन समिति | २,१५,०००.०० |
| ६ | २०८०/०८/२७ | २५ | स्वास्थय व्यवस्थापन समिति को बरसाइन | १,००,०००.०० |
| ७ | २०८०/०९/१२ | ६७ | श्री कृ कु देवी राजपूत मेमोरियल आधारभूत बिद्यालय | ३,५०,०००.०० |
| ८ | २०८०/०९/१२ | ६७ | श्री रा प्रा बि कुशाहा | १,५०,०००.०० |
| ९ | २०८०/०९/१२ | ६७ | श्री रा प्रा वि को बरसाइन | १,५०,०००.०० |
| १० | २०८०/०९/१२ | ६७ | श्री राजाजी आधारभूत विद्यालय बनारझुला | ३,५०,०००.०० |
| ११ | २०८०/०९/१२ | ६७ | स्वास्थय व्यवस्थापन समिति को बरसाइन | १,००,०००.०० |
| १२ | २०८०/१०/०४ | ४ | स्वास्थय चोकी सचालन तथाव्यवस्थापन समिति लोनिया | २५,०००.०० |
| १३ | २०८०/१०/०४ | ४ | स्वास्थय व्यवस्थापन समिति को बरसाइन | २५,०००.०० |
| १४ | २०८०/१०/०४ | ४ | स्वास्थय व्यवस्थापन समिति तिलाठी | २५,०००.०० |
| १५ | २०८०/१०/०४ | ४ | स्वास्थय सस्था व्यवस्थापन समिति मन्सापुर | २५,०००.०० |
| १६ | २०८०/१०/०४ | ४ | स्वास्थय सस्था सचालन व्यवस्थापन समिति कोइलाडी | २५,०००.०० |
| १७ | २०८०/१०/२६ | १५१ | प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समिति तोपा | ४०,०००.०० |

| | | | | |
|---|---|---|---|---|
| १८ | २०८०/१२/०५ | ८ | प्राथमिक स्वास्थ्य केन्द्र संचालन तथा व्यवस्थापन समिति तोपा | २५,०००.०० |
| १९ | २०८०/१२/१६ | ९ | स्वास्थय व्यवस्थापन समिति को मधेपुरा | २५,०००.०० |
| २० | २०८१/०२/०१ | २४० | चन्द्रशेखर चोधरी | ११,०००.०० |
| २१ | २०८१/०३/१५ | ३१५ | ॐ श्रृजन कृषि सहकारीसंस्था लि. | २,००,०००.०० |
| २२ | २०८१/०३/२२ | ३४६ | स्वास्थय व्यवस्थापन समिति तिलाठी | १,००,०००.०० |
| **जम्मा** | | | | **१७,९१,०००.००** |
| ४ | व्यक्तिगत | | | |
| २३ | २०८०/०८/१४ | ४ | ज्ञानेन्द्र कुमार यादव | १,५२,०००.०० |
| २४ | २०८०/०८/१४ | ५० | जुगनु कुमार मण्डल | ३२,१००.०० |
| २५ | २०८०/०९/२५ | ४२ | शैलेश कुमार मिश्र | १,२६,०००.०० |
| २६ | २०८०/१०/२५ | १४४ | जगदीश यादब | ४५,०००.०० |
| २७ | २०८०/१०/२५ | १४७ | शशीकुमार मण्डल | १,९३,२००.०० |
| २८ | २०८०/१०/२६ | १५३ | जगदीश यादब | ४२,०००.०० |
| २९ | २०८०/११/०९ | ५९ | शैलेश कुमार मिश्र | २,१६,०००.०० |
| ३० | २०८०/१२/१८ | ६७ | शैलेश कुमार मिश्र | ७३,५००.०० |
| ३१ | २०८१/०१/२४ | ७७ | शैलेश कुमार मिश्र | १,३५,०००.०० |
| ३२ | २०८१/०२/०१ | ८३ | राज कुमार मण्डल | २,३०,०००.०० |
| ३३ | २०८१/०२/११ | १६ | चन्द्र भुषण राय | २,१६,००४.०० |
| ३४ | २०८१/०२/११ | ८८ | चन्द्र भुषण राय | ८४,३९७.०० |
| ३५ | २०८१/०२/१६ | १८ | ज्ञानेन्द्र कुमार यादव | १,००,०००.०० |
| ३६ | २०८१/०२/१६ | १९ | चन्द्र भुषण राय | ५२,४५०.०० |
| ३७ | २०८१/०२/२२ | ८९ | शैलेश कुमार मिश्र | १,०२,३५०.०० |

| | | | | |
|---|---|---|---|---|
| ३८ | २०८१/०३/१० | २८६ | दिपेन्द्र बनबरिया | २,८०,४००.०० |
| ३९ | २०८१/०३/१० | २८६ | यशोधर यादव | ८४,०५०.०० |
| ४० | २०८१/०३/१२ | ३०३ | ज्ञानेन्द्र कुमार यादव | ३,५०,०००.०० |
| ४१ | २०८१/०३/१७ | १६ | अशोक कुमार मण्डल | ५,००,०००.०० |
| ४२ | २०८१/०३/१९ | १०० | विकाश कुमार शाह | १,००,०००.०० |
| ४३ | २०८१/०३/२० | १०२ | राम सेवक मण्डल | १,००,०००.०० |
| ४४ | २०८१/०३/२० | ३३३ | राम सेवक मण्डल | १,००,०००.०० |
| ४५ | २०८१/०३/२४ | १२७ | ज्ञानेन्द्र कुमार यादव | २,००,०००.०० |
| ४६ | २०८१/०३/२४ | १९१ | राम सेवक मण्डल | ४८,०८८.०० |
| ४७ | २०८१/०३/२४ | १९१ | राम सेवक मण्डल | ९१,१२४.०० |
| **जम्मा** | | | | **३६,५३,६६३.००** |
| **कुलजम्मा** | | | | **५८,७४,२६३.००** |

| पेश्की | ५८,७४,२६३ |
|---|---|

३० **वडा नं. २ को कार्यालय देखि उत्तर कच्ची बाटो नाला निर्माण**

वडा नं. २ को कार्यालय देखि उत्तर कच्ची बाटो नाला निर्माण कार्यको परिक्षण गर्दा निम्नानुसार पाइयो।

३०.१ (४०-२०८०-९-१२):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। वडा नं. २ को कार्यालय देखि उत्तर कच्ची बाटो नाला निर्माण गर्न सक्कुर मियाँलाई रु. २,१५,५५१/- खर्च लेखेकोमा नियमानुसार प्राविधिक नापजाँच तथा नापी किताब पेश नभएकोले उक्त खर्च रकम नियमसम्मत नदेखिएको रु

| अनियमित भएको | २,१५,५५१ |
|---|---|

३०.२ सार्वजिनक खरिद नियमावली २०६४ को नियम १२१ मा पूर्व निर्धारित क्षतिपूर्ति सम्बन्धी व्यवस्था रहेको छ । यस कार्यालयले निज सक्कुर मियाँलाई २०८०।३।२४ सम्म सम्पन्न गर्नुपर्ने कार्य २०८०।९।१२ मा गरेकोले नियमानुसार सम्झौता रकमको ०.०५ प्रतिशत प्रतिदिनले हुने रकम रू ४८६८/- असुल गर्नपर्ने देखिएको रू.

| असुल गर्नुपर्ने | ४,८६८ |
|---|---|

३०.३ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ। मानिसद्वारा कार्य गर्ने गरी लागत अनुमान तयार गरेकोमा मेसिनको प्रयोग गरेको जवाफ कार्यालयबाट प्राप्त भएकोले कार्यालयले यकिन गरी ११४.८४ घ.मी.को ४३४.७० का दरले हुने रकम रू. ४९९२१ असुल गर्नुपर्ने देखिएको रू.

| असुल गर्नुपर्ने | ४९,९२१ |
|---|---|

३१ **प्रमाण पेश नगरेको**

३१.१ (६-२०८०-९-१२):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ जिता नदीमा झोलुङ्गे पुल निर्माणको उपभोक्ता समितिलाई रु १५ लाख पेश्की दिएको Supporting document पेश गरेको छैन ।

३१.२ (१९४-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमकोउपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेउल्लेखछ । संजय कुमार सहनीलाई छैदी मुखियाको घर नजिक बोरा जाली वापत रु १०००००/- खर्च गरेको कसले कति कार्य गरेको नखुलेको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,००,००० |

३१.३ (१९२-२०८१-३-२१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमकोउपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेउल्लेख छरामचन्द्र पण्डितको घरदेखि गुलाब पण्डितको घरसम्म बाटो निर्माण गरेकोमा सो कार्यको विवरण खुल्ने प्रमाण पेश नगरेकोले सो को प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,५०,००० |

३१.४ (१९६-२०८१-३-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमकोउपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेउल्लेख छ शिव पार्वती मन्दिरको कार्यको Supporting document पेश नगरेको रु

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,७१,०६२ |

३२ **ठेक्काको अवधि सुरु अवधी भन्दा सम्पन्न अवधी पहिले भएको**

योजनाको कार्य कोटेशनबाट गरेकोमा ठेक्काको अवधि सुरु अवधी भन्दा सम्पन्न अवधी पहिलेको राखिएकोले यस प्रकारको कार्य हुन नसक्ने भएकोले कार्यालयले यकिन गर्नुपर्दछ।

| **क्र.सं.** | **योजनाको नाम** | **शुरू मिति** | **सम्पन्न गर्नुपर्ने मिति** | **खर्च रकम** |
|---|---|---|---|---|
| १ | वडा नं. ७ मंसापुर वेचु शाह सडक | २०८०।३।३२ | २०८०।२।२० | २८८०७५ |

३३ **प्राविधिक मूल्याङ्कन बेगर खर्च** (९३-२०८१-३-११):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापी कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। यस पालिकाले अमरनाथ मण्डललाई नाला मर्मतकार्य गरेबापत रकम भुक्तानी गरेकोमा प्राविधिक मूल्याङ्कन गरेर नापी किताबमा कार्य भएको परिमाण अनुसार भुक्तानी दिनुपर्नेमा नियमानुसार नगरी प्राविधिक नापजाँच तथा नापी किताब बेगर खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ५०,००० |

३४ **कन्टिन्जेन्सी खर्चको अभिलेख**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १० (७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ४ प्रतिशतमा नबढ्ने गरी कन्टीन्जेन्सी खर्च समावेस गर्न सकिने व्यवस्था गरेको छ । कार्यालयवाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट कन्टिन्जेन्सी रकम कट्टा गर्ने गरेको देखिएतापनि सोको कार्यक्रमगत कन्टेन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नुपर्नेमा राख्ने गरेको छैन । कार्यालयवाट यस बर्ष भएको कन्टिन्जेन्सी खर्च विवरण माग भएकोमा सोको विवरण उपलव्ध भएन । आयोजनागत कन्टिन्जेन्सी खर्च अभिलेख नराखेको र माग भएको विवरण उपलब्ध नभएको कारण उक्त खर्च सीमा भित्र रहेको र पूँजिगत खर्च समेत भएको सुनिश्चित हुने आधार भएन । अतः नियमावलीमा भएको व्यवस्था बमोजिम कन्टीन्जेन्सी खर्चको अभिलेख राखी कन्टिन्जेन्सी खर्चमा नियन्त्रण गर्नु पर्दछ ।

३५ **प्रमाण पेश गर्नुपर्ने**

३५.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत ड्रइङ डिजाइन अनुसारलागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ । भवन मन्दिर लगायतको Structure हरुको कार्य गर्दा Drawing तयार नगरी लागत अनुमान र नापी गरेकोले परिमाण यकिन गर्न सकिएन । कार्यालयले निर्माण भएको संरचनाको Drawing तयार गरी परिमाण यकिन हुने गरी नापी तथा Drawing को परिमाण भिडान हुनुपर्दछ ।

| क्र.सं. | योजनाको नाम | खर्च रकम |
|---|---|---|
| १ | वडा नं. ४ दिनाभद्री मन्दिर | ३५५३१३ |
| २ | सद्गुरु आश्रम निर्माण | ३६५७४५ |
| ३ | वडा नं. ३ को रामजानकी मन्दिर | ७५०९५० |
| ४ | अधुरो भगवती मन्दिर | ७१०२५९ |
| ५ | वडा नं. ३ को सकरपुरा मन्दिर | ४७३८७३ |
| ६ | राधाकृष्ण मन्दिर वडा नं. १ | ४८२२३० |
| ७ | वडा नं. २ को शशिया मन्दिर | २४५२६६ |
| | जम्मा | ३३८३६३६ |

३५.२ (२१-२०८०-८-२४):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छवडा नं. २ मा आपतकालिन कार्य उल्लेख गरी खर्च लेखेकोमा विल भर्पाई प्रमाण कागजात पेश नगरेको रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६९,०४६ |

३५.३ आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमकोउपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्नेउल्लेख छ।निम्नानुसार योजनामा विभिन्न सामाग्रीहरूको प्रयोग नगरी खर्च लेखेकोमा कुन कुन स्थानमा प्रयोग भएको प्रमाण पेश नभएको रू.

| क्र.सं. | भौ.नं./मिति | सामानको नाम | खर्च रकम |
|---|---|---|---|
| १ | २५/०८०।८।१९ | Tube well – 5 set | |
| २ | २८/०८०।८।१९ | Hume pipe -६ वटा | ९५५९४ |
| ३ | ६६/०८०।११।२० | वत्ती जडान | २१९११५ |
| ४ | ११३/०८१।३।२२ | Hume pipe -८ वटा | ९१५३० |
| ५ | १२७/२०८१।३।२३ | Hume pipe -१८ वटा | १९९३३२ |
| ६ | १६१/०८१।३।२४ | वत्ती जडान- ४८० वटा | ४२५११५६ |
| ७ | १७०/०८१।३।२४ | विद्युतीय पोल खरिद- १२ वटा | ५३७८३० |
| ८ | १७७/०८१।३।२५ | Hume pipe -८ वटा | २७७३०४ |
| ९ | २२/०८१।३।२४ | Solar – 24, Bulb - 3 | ७९५५०५ |
| | | जम्मा | २६४१३६६ |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २६,४१,३६६ |

३६ **भेरियसन स्वीकृत नगरेको** (१८-२०८०-८-१३):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम ११८ मा भेरियसन सम्बन्धी व्यवस्था रहेको छ । यस कार्यालयले कट्टीको नरेन्द्र प्रसादको घरको डगर ग्राभेल गर्ने कार्य सप्तरी निर्माण सेवाले गरेकोमा सम्झौता रकम २८८२००/- रहेकोमा १८२५०३/- को मात्र कार्य ३७.४५ प्रतिशत कम कार्य गर्दा समेत कार्य सम्पन्न गरेको पाइएकोले नियमानुसार भेरियसन स्वीकृत नगरेको रकम अनियमित देखिएको रू.

| | |
|---|---|
| अनियमित भएको | १,०५,६९७ |

३७ **कम रकमको भर्पाइ पेश** (३५-२०८०-८-७):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छसप्तरी सन्देशलाई बालबालिकाको लागि लागु औषध विरुद्धको सचेतनामूलक कार्यक्रम गरी रु २४६०००/- खर्च लेखेकोमा रु १७९०५०/- को मात्र भर्पाई पेश भएकोले रु ६६९५०/- सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६६,९५० |

३८ **लागत बढेको** (४६-२०८१-९-२४):

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ। डायमेज ब्रिजदेखि १५ बेड हस्पिटलसम्म माटो तथा ग्राभेल कार्य बाबा धर्मराज निर्माण सेवाबाट गराएकोमा मानिसले कार्य गर्नेगरी e/w filling र sub Base को कार्य गराएकोमा लागत बढेको छ । अतः कार्यालयले लागत बढेकोमा लागत कम गर्नेतर्फ ध्यान दिनुपर्दछ ।

३९ **बढी भूक्तानी**

३९.१ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।आर्थिक

कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ।निम्नानुसार योजनामा Site Clearance वापत खर्च लेख्दा one job उल्लेख गरी खर्च लेखेकोमा कार्य गर्ने Area भन्दा बढी देखिएको रकम कार्यालयले यकिन गरी असुल गर्नुपर्ने रु

| **क्र.सं.** | **योजनाको नाम** | **परिमाण** | **दर** | **जम्मा** | **भुक्तानी रकम** | **बढी भुक्तानी** |
|---|---|---|---|---|---|---|
| १ | संजय सिंहको वारी देखि | ४६ | १८ | ८२८ | १५००० | १४१७२ |
| २ | वडा नं. ७ मंसापुर | ७२ | १८ | १२९६ | ५००० | ३७०४ |
| ३ | वडा नं. ८ देवलाल घर दक्षिण | २२२ | १८ | ३९९६ | ७००० | ३००४ |
| ४ | ३८/२०८०-९-११ | २७ | १८ | ४८६ | १०००० | ९५१४ |
| ५ | १४६/३-२४ | १६२ | १८ | २९१६ | १२००० | ९०८४ |
| ६ | १६३/३-२४ | ४० | १८ | ७२० | १५००० | १४२८० |
| | **जम्मा** | | | | | **५३७५८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७३,७५८ |

३९.२ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १२३ मा सार्वजनिक निकायले रनिङ विल या अन्य कुनै विल वा विजकको भुक्तानी गर्दा प्राविधिक नापजाँच गरी नापि कितावमा उल्लेख भएको वास्तविक कार्यसम्पादनका आधारमा भुक्तानी गर्नुपर्ने उल्लेख छ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ निम्नानुसारको योजनामा निम्नानुसार भुक्तानीमा भुक्तानी अनुसारको विल भर्पाई पेश नभएकोले भुक्तानी अनुसारको विल भर्पाई पेश हुनुपर्ने अन्यथा असुल गर्नुपर्ने देखिएको रू.

| क्र.सं. | योजनाको नाम | निर्माण व्यवसायी | कामको विवरण | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | वडा नं. ७ मन्सापुर टोल देखि बेचु शाह सडक | सप्तरी निर्माण सेवा | Lab test | | | ६००० | विल नभएको |
| २ | वडा नं. २ हुँदै पश्चिम उमेश्वर आ. वि. बाटो | उ.स. | Lab test | | | १३४०० | रु. १५००० मा १६०० को मात्र विल पेश भएको |
| ३ | वडा नं. २ को अधुरो भवन निर्माण | | | | | २५४६ | रु. ८२४५४ भुक्तानी गर्नुपर्नेमा ८५००० गरेको |
| | | | | | | १५००० | Lab test को विल नभएको |
| ४ | कोइलाडी वर्थिङ सेन्टरको चर्पी निर्माण | RP Brother | M15 Work | १.३६ | १५५९० | २१२०२ | |
| | | | Re Bar | १२१ | १४० | १६९४० | |
| | | | Brick Work | ३.२३ | १५५९ | ५०३६ | |
| ६ | लक्ष्मी वल्लव मा वि ढलान | उ स | Lab Test | | | २५०० | विल नभएको |
| | | | Labour required | | | ४१५३६ | कार्य नखुलेको |
| ७ | वडा कार्यालय हुदै गोसाई मण्डल RCC | उ स | Lab Test | | | १३४०० | Lab test विल १६०० मात्र रहेको |
| ८ | M6L नहर देखि पूर्व २०० मिटरमा ग्राभेल | उ स | Lab Test | | | १३४०० | Lab test विल १६०० मात्र रहेको |
| ९ | विद्यालयमा नयाँ भवन पूर्व वडा कार्यालय ढलान | उ स | Lab Test | | | १३४०० | |
| १० | ML6 नहरदेखि ML6 सव माइनर ग्राभेल | उ स | Lab Test | | | १३४०० | Lab test विल १६०० मात्र रहेको |
| | | | जम्मा | | | १७७७६० | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,७७,७६० |

४० **प्रमाण पेश गर्नुपर्ने**

निरन्तरता जण्डोल कुशाहा सडक निर्माण कार्य M/S अंशुमन एण्ड एशोसियशनले गरेकोमा निम्नानुसार पाइयो ।

सार्वजनिक खरिद नियमावली २०६४ को नियम १० मा निर्माण कार्यको लागत अनुमान तयार गर्दा स्विकृत ड्रइङ डिजाइन अनुसार लागत अनुमान तयार गर्नुपर्ने व्यवस्था रहेको छ ।आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५)मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । कार्यालयले निम्नानुसार कार्य गरेकोमा कार्यालयलाई थप व्ययभार परेको देखिएकोले कार्यालयले निम्नानुसारका कार्य भएको प्राविधिक पुस्ट्याईं पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रू.

| क्र.सं. | कामको विवरण | परिमाण | दर | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १ | Sub Grade | ५६६.२५ | ७५ | ४२४६९ | नयाँ माटो filling गरी Compaction गरेकोमा sub grade गरेको |
| २ | Stone soling | २४८ | ४००० | ९९२००० | ढलान बाटोको लागि soling कार्यको लागि ०.२०m sub base दिएपछि stone soling समेत गरेको देखिएको |
| | | जम्मा | | १०३४४६९ | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,३४,४६९ |

४१ **सामाग्रीको उपयोग** (९७-२०८१-३-१५):

स्वास्थ्य चौकी र वडा कार्यालयमा CCTV र E- हाजिरी खरिद गरेकोमा कार्यालयमा समेत प्रयोग गरेको पाइएन । अतः BPS Computer बाट electronic सामान वापत ३९२८३५/- खर्च गरेकोले सामानको उपयोग गर्नुपर्दछ ।

४२ **वितरणमुखी तथा अनुत्पादक खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ ।पालिकाको आन्तरिक आय न्युन ( २७ लाख ७५ हजार मात्र ) रहेको मा चाडो प्रतिफल दिने तथा उत्पादकत्व बढाउने क्षेत्रमा खर्च गर्नुपर्नेमा निम्न लिखित वितरणमुखि तथा अनुत्पादक कार्यमा खर्च गर्नु उपयुक्त देखिएन ।यसमा नियन्त्रण गर्नुपर्दछ।

| क्र.स | भौ.न/मिति | वितरणको विवरण | रकम |
|---|---|---|---|
| १. | ३४९।२०८१।३।२२ | १८ वटा वाद्यबाधन(हार्मोनियम,ढोलक लगायत) सामाग्री वितरण | ४६७२५५ |
| २. | ३५०।२०८१।३।२२ | १६ वटा घण्टा वितरण | १८३२४० |
| ३. | ३६५।२०८१।३।२३ | वडा नम्बर ६ मा फ्रि वाइफाइ तथा नेट जडान | ४८१६३५ |

४३ **बढि दरमा खरिद**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । जिल्ला दररेट भन्दा बढीमा कोटेशनको आधारमा निम्न घाँसको विउ खरिद गरि खर्च लेखेकोले पालिकालाई बढी व्यभार परेको रु.

| क्र.स | भौ.न/मिति | खरिदको विवरण | परिमाण(kg) | जिल्ला दर | खरिद दर | फरक | रकम |
|---|---|---|---|---|---|---|---|
| १ | २४९।२०८१।२।६ | जै घांस | ३३०५ | ११४।४९ | १२१ | ६।५१ | २१५१५ |
| | २५१।२०८१।२।६ | टियो सेन्टी घाँस | ९४७ | १२५।९४ | २११ | ८५।०६ | ८०५५१ |
| | जम्मा | | | | | | १०२०६६ |

| | |
|---|---|
| अनियमित भएको | १,०२,०६६ |

४४ **कृषि अनुदान**

विशेष अनुदान सम्बन्धि कार्यविधि २०७५ को दफा ११ अनुसार विशेष अनुदानबाट सन्चालन हुने आयोजना/कार्यक्रम प्रभावकारी रुपमा लक्षित प्रतिफल प्राप्त हुने गरी सन्चालन भए नभएको सम्बन्धमा सम्बन्धि प्रदेश वा स्थानीय तहले नियमित रुपमा अनुगमन

गर्नुपर्ने, यस्ता अनुदानबाट सन्चालित आयोजना/कार्यक्रमको प्रगति प्रतिवेदन चौमासिक रुपमा मन्त्रालय र नेपाल सरकारको सम्बन्धित विषयगत मन्त्रालयमा तोकिएको ढाँचामा पेश गर्नुपर्नेछ भन्ने उल्लेख छ । यस कार्यालयले पछि त्यसको लक्षित प्रतिफल प्राप्त हुने गरी सन्चालन भए नभएको अनुगमन तथा त्यसको प्रभावकारिता(लाभग्राही किसानको जीवनस्तर सुधार) को विषयमा अनुगमन गरी नियमानुसार प्रतिवेदन गर्नुपर्नेमा प्रतिवेदन पेश भएको छैन । अनुदान सहयोगको दुरूपयोग नभएको यकिन विवरण तथा उपयोगिताको अनुगमन गरी गाउँसभा तथा पालिकामा छलफलका लागी प्रतिवेदन गर्नुपर्दछ ।

| क्र.स | भौ.न/मिति | अनुदानको विवरण | अनुदान प्रतिशत | रकम |
|---|---|---|---|---|
| १ | ३।२०८०।१०।४ | उन्नत जातको गँहु वितरण | ५० | २०००००० |
| २ | ४।२०८०।१०।२८ | प्याजको विउ वितरण | निशुल्क | ३८९१०० |
| ३ | ५।२०८०।१०।२८ | हिँउदे तरकारी कम्पोजिट किट वितरण | निशुल्क | ४३९४०० |
| ४ | ७।२०८१।१।२४ | प्लास्टीक स्प्रेयर वितरण | ५० | २९८००० |
| ५ | ११।२०८१।२।६ | वर्षे तरकारी विउ वितरण | निशुल्क | ३७३६०७ |
| ६ | १३।२०८१।२।६ | किटनाशक विषादि वितरण | निशुल्क | ४६७००६ |
| ७ | २१।२०८१।३।२० | धानको विउ वितरण | ५० | १११७०० |

४५ **बैंक आदेश**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) बमोजिम सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भरपाई, प्रमाण र कागजात संलग्न हुनु पर्ने व्यवस्था छ । पालिकाले कट्टी गरेको रकम वापत रु. ४७८७२६।०० भुक्तानी गरेको छ । पालिकाले कुन पदाधिकारीको खातामा कति रकम गएको हो भनि बैंकलाई दिएको आदेश श्रेस्तामा संलग्न नगरेकोले बैंक आदेश सम्बन्धित भौचरमा संलग्न हुनुपर्दछ ।

४६ **कानूनी सल्लाहकार**

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले सल्लाहकार राख्ख पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकीएकोभन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले कार्यविधि बनाएर कानूनी सल्लाहाकारका रुपमा मासिक रु.२५०००।०० तलब भत्ता भुक्तानी हुने गरी श्री लोकनाथ यादवलाई नियुक्त गरी रु.३०००००।०० भुक्तानी गरेको छ। निजबाट पालिकाले न्यायिक समितिको सल्लाहकार तथा पालिकालाई परेका मुद्धाहरुको पेशी तथा तारेख लिने तथा बहस गर्ने तथा अन्य उजुरीहरुमा कानूनी सहायता प्रदान गर्ने गरेको छ । पालिकाले यस्ता सेवाहरु लिँदा आवश्यकता तथा कानूनी व्यवस्थामा टेकेर मात्र लिनेतर्फ ध्यान दिनुपर्दछ ।

४७ **कर्मचारीलाई भुक्तानी**

नेपाल सरकार अर्थ मन्त्रालयको बजेट कार्यान्वयन सम्वन्धी मार्गदर्शनको निर्देशन नं ४५ मा सवै प्रकारका कारोवारको भुक्तानी दिदा अनिवार्य रुपमा बैंक मार्फत भुक्तानी दिनुपर्ने व्यवस्था छ। पालिकाले यस वर्ष विभिन्न खर्चको भुक्तानी दिदा सम्बन्धित सप्लायर्सको बैंक खातामा भुक्तानी नदिई विभिन्न कर्मचारीलाई रु.३१३५३२।०० नगद भुक्तानी दिएको छ। कर्मचारीलाई नगद शोधभर्ना दिदा सम्वन्धितले पाएको सुनिस्चित हुन नसक्ने तथा पारदर्शिता समेत देखिएन । सार्वजनिक खर्चको भुक्तानी दिदा सम्वन्धित व्यक्ति, फर्म वा सप्लायर्सको बैंक खातामा भुक्तानी दिनुपर्दछ।

४८ **स्वकिय सचिव**

मधेश प्रदेश स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७७ मा यस प्रदेशमा स्थानीय तहका प्रमुख तथा उप प्रमुखले स्वकिय सचिव राख्ख पाउने व्यवस्था गरेको छैन् । त्यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ (८) मा तोकीएको भन्दा फरक पदमा कर्मचारी पदपूर्ती गर्न नहुने उल्लेख छ । तर पालिकाले कार्यविधि वनाएर स्वकिय सचिवको रुपमा मासिक रु.१८००० तलब भत्ता भुक्तानी हुने गरी श्री शम्भुलाल देव वैश्य लाई नियुक्त गरी रु.२३४००० भुक्तानी गरेको छ।

४९ **विविध खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ (६) मा प्रमुख प्रशासकिय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा नियमितता, मितव्ययीता, कार्यदक्षता, प्रभावकारिता र औचित्य कायम गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने व्यवस्था छ । पालिकाले यस वर्ष विविध शिर्षकबाट रु.१६ लाख ९ हजार खर्च गरेको देखिन्छ उक्त खर्च पालिकाको यो बर्षको आन्तरिक आय रु.२७ लाख २० हजारको तुलनामा ५९.१५ प्रतिशत रहेको छ । यस्ता खर्च प्राय खाना, खाजा, होटल विल लगायतमा खर्च हुने गरेको देखिन्छ ।उल्लेखित प्रकृतिका खर्च नियन्त्रण गर्दै उत्पादनमुलक एवं परिणाममुखी कार्यमा खर्च गर्ने तर्फ पालिकाको ध्यान जानुपर्दछ ।

५० **तालिम तथा कार्यक्रम**

गाउँपालिकाले गाउँसभाबाट पारित कार्यक्रम संचालनमा रकम खर्च गरेको छ । सालवसाली एकै किसिमको कार्यक्रम संचालन गरिने तर सोको उपलब्धी मापन नहुने, तालिम पश्चात प्रशिक्षार्थीहरुले आय आर्जनमा संलग्न भए/नभएको एकिन समेत नहुने,तालिम पश्चात सहभागीको क्षमता वृद्धि भए नभएको र तालिमको आवश्यक्ताको पहिचान समेत प्राथमिकिकरणको आधारमा नहुने स्थितिले सरकारी रकम खर्चको प्रभावकारीता कायम नहुने स्थिति छ।कार्यालयले दिएको जानकारी अनुसार अधिकाश जनशक्ति करारमा रहेको तथा स्थायी जनशक्ति अत्यन्तै न्युन रहेकोले गैरसरकारी सस्थाबाट तालिम सञ्चालन गरि रु.२७२७९९७ भूक्तानी भएको हो। लगानीको आधारमा उपलब्धि मापन मूल्याङ्कन गरी यस्ता तालिम संचालन हुनुपर्दछ।केहि तालिमहरु निम्नानुसार रहेको छन्।

| भौ.न/मिति | तालिम सञ्चालनकर्ता | तालिमको विषय | रकम |
|---|---|---|---|
| २९७।२०८१।३।१२ | सोनाली मल्टीप्रपोज एण्ड ड्राइभिङ स्कुल | कार ट्राइभिङ | ४९७००० |
| ३७१।२०८१।३।२३ | विकासका अग्रसर पाइलाहरु | मैनवत्ति बनाउने तालिम | १९७३९९ |
| ३७३।२०८१।३।२३ | विकासका अग्रसर पाइलाहरु | लैङ्गिक हिसा सम्बन्धि सचेतना मुलक तालिम | १४८६४९ |
| ३७४।२०८१।३।२३ | मिसन माइन्डेड नेपाल | वाल विवाहा तथा दहेज प्रथा विरुद्ध जनचेतना तालिम | २९९००० |

५१ **मर्मत सम्भार तथा संरक्षण अभिलेख खाता**

सरकारी निकायले स्थायी सम्पत्तिको मर्मत सम्भार गर्दा म.ले.प. फारम नं ४१५ अनुसारको ढाँचामा मर्मत संभार अभिलेख खाता राखु पर्ने व्यवस्था छ । पालिकाले वर्षभरीमा सवारी साधन मर्मत शीर्षकबाट रु.१२ लाख ७४ हजार मर्मत खर्च गरेकोमा मर्मत अभिलेख व्यवस्थित राखेको पाइएन । पालिकाले मर्मत कार्यमा उपरोक्त खर्च गर्दा सोझै खरिद गरेको छ । मर्मतको भुक्तानी सोझै पार्टीलाई भुक्तानी हुनुपर्नेमा अधिकाँश भुक्तानी कर्मचारी मार्फत हुन गरेको देखियो । यसले खर्चको भुक्तानीमा पारदर्शिता देखिएन । पालिकाले मर्मत खर्च लेख्दा PAMS मा प्रविष्ट गरी मर्मत सम्भार तथा संरक्षण अभिलेख खातामा अभिलेख राखि मात्र खर्च लेखुपर्नेमा अभिलेख राखि खर्च लेखेको देखिएन । मर्मत कार्य प्रतिस्पर्धा मार्फत गराई मितव्ययी तरिकाले खरिद गरी तोकिएको मलेप फारम प्रयोग गरी मर्मत कार्यलाई व्यवस्थित बनाउनु पर्छ । PAMS बाट मर्मतको अभिलेख र अभिलेख खातामा व्यवस्थित अभिलेख राखि मात्र मर्मत खर्च लेखी खर्चमा मितव्ययिता कायम गर्नेतर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

५२ **गाडी भाडा**

सार्वजनिक खरिद नियमावली, २०६३ को नियम १३ (२) मा सवारी साधन भाडामा लिने प्रयोजनार्थ सो सम्बन्धी ज्ञान भएका दक्ष प्राविधिकहरुको समिति गठन गर्नुपर्ने व्यवस्था छ । त्यस्तै उपनियम ३ मा समितिले लागत अनुमान तयार गर्दा भाडामा लिने सवारी साधनको विवरण, स्पेशिफिकेसन, अवस्था र आयु. प्रचलित बजार दर भाडामा लिने अवधि, इन्धनको मूल्य र खपत जस्ता विषयहरुलाई विचार पुर्याउनुपर्ने उल्लेख छ । तर पालिकाले यो वर्ष कार्यालय प्रयोजनको लागी १ वटा सवारी साधन भाडामा लिई रु.

१९ लाख २४ हजार खर्च गर्दा उपर्युक्त व्यवस्था अनुरुप भाडाको लागत अनुमान तयार नगरी व्यक्तिसंग सोझै सम्झौता गरेको पाइयो। यसरी खरिद कार्य नियमावलीले तोकेको प्रक्रिया नअपनाएको र लगबुक पेश भएको नदेखिएकोले र गाडी भाडामा लिने कार्य नियमावलीले तोकेको प्रक्रिया अपनाएको देखिएन । पालिकाले खरिद नियमावलीले तोकेको प्रकृया र सवारी संचालन भएको लगबुक प्रमाणित गरी राख्नुपर्दछ ।

५३ **भ्रमण खर्च**

पालिकाले यस वर्ष दैनिक भ्रमण भत्तामा रु.१३ लाख ६५ हजार खर्च गरेको छ । मधेश प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७७ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन्.

- नियमानुसार भ्रमण अभिलेख खाता नरहेकाले पदाधिकारी तथा कर्मचारीको भ्रमण सम्बन्धी एकिकृत विवरण प्राप्त हुन नसकेको ।
- भ्रमण पश्चात् तोकिए बमोजिम भ्रमण प्रतिवेदन पेश नगरी भ्रमण खर्च भुक्तानी गर्ने गरेको ।

अतः स्पष्ट प्रयोजन र उद्देश्य वेग भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो। त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ ।

५४ **जिन्सी व्यवस्थापन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५(१) अनुसार सार्वजनिक निकायले आपूर्ति गरेका मालसामान सम्झौतामा उल्लेखित प्राविधिक स्पेशिफिकेसन र गुणस्तर बमोजिम भए नभएको निरीक्षण वा परीक्षण गर्नु गराउनु पर्ने व्यवस्था छ । कार्यालयबाट खरिद गरिएका मालसामानको भुक्तानी गर्दा स्फेसिफिकेसन बमोजिम भए नभएको गुणस्तर परीक्षण गरेको छैन। अतः ती सामानहरुको गुणस्तर सम्बन्धमा सुनिश्चित गरिनुपर्दछ ।

जिन्सी निरीक्षण आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने, सोको निरीक्षण गरी प्रतिवेदन तयार गर्नुपर्ने, प्रतिवेदनमा उल्लेखित सामान मध्ये मर्मत गर्नुपर्ने सामान ३ महिना भित्र र लिलाम गर्नुपर्ने सामान ६ महिना भिव लिलाम गरी सक्नु पर्ने व्यवस्था छ । ४ वटा ट्र्याक्टर मर्मत गर्नुपर्ने जिन्सि प्रतिवेदनमा उल्लेख गरेकोमा मर्मत गरेको छैन। नियमावलीको व्यवस्था अनुसार जिन्सी निरीक्षण प्रतिवेदनमा उल्लेख भएका आधारमा मर्मत सम्भार, लिलामी लगायतका कार्य गरी जिन्सी व्यवस्थापन गर्नुपर्दछ ।

५५ **अन्य कार्यालयको खर्च**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ वितरणमुखी खर्चलाई नियन्त्रण गर्दै संघ तथा प्रदेश सरकारबाट प्राप्त रकमलाई स्थानीय पूर्वाधार विकास तथा दीर्घकालीन पुजी निर्माण हुने कार्यमा खर्च गर्नुपर्दछ। पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा बाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च उपयुक्त देखिएन ।

| भौ.न/मिति | खर्च विवरण | निकायको नाम | रकम |
|---|---|---|---|
| १५०।२०८०।१०।२६ | ना १ झ ७५१ नम्बरको गाडी मर्मत को खर्च | शसस्त्र प्रहरि वल BOP तिलाठी | ५४४६६ |
| १६९।२०८०।११।१७ | ना १ झ ७९८ नम्बरको गाडी मर्मत को खर्च | शसस्त्र प्रहरि वल BOP तिलाठी(वडा नम्बर ५) | ४९९२३ |
| २१०।२०८१।१।३ | वायरलेस वाइफाइ तथा मोटर मर्मत | सशस्त्र प्रहरि बल नेपाल बोर्डर आउटपोष्ट | ३०५९५ |
| ३३७।२०८१।३।२० | आर्थिक सहायता | मैथीली साहित्य परिषद | ३००००० |
| जम्मा | | | ४३४९८४ |

५६ **शिर्षक फरक पारी खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(१)मा कार्यालय प्रमुखले सरकारी रकम खर्च गर्दा बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गर्नु पर्नेछ भन्ने उल्लेख छ । साथै सो नियमावलीको नियम ४१. (क) मा अधिकारप्राप्त अधिकारीले सरकारी रकम खर्च गर्दा विनियोजन ऐन बमोजिम सेवा तथा कार्यमा खर्च गर्न विभिन्न शीर्षकमा स्वीकृत भएको रकम सो सेवा तथा कार्यको निमित्त स्वीकृत सीमाभित्र रहेको सुनिश्चित भएको एकिन गरी खर्च गर्नु पर्नेछ भन्ने उल्लेख छ । यस पालिकाले गाउँपालिका पूँजीगत शिर्षकबाट जनता मा वि तोपा सप्तरीलाई गाउँपालिका अनुदानमा ११ र १२ मा अध्यापनरत शिक्षकको तलव भत्ता वापत रु. ९,००,०००/- भुक्तानी गरेको देखियो । जसले गर्दा पूरा बजेट व्यवस्थापनमा नै असर पर्ने तथा विनियोजित बजेट अनुसार कार्य सम्पादन हुने नदेखिएकोले विनियोजित शिर्षक अनुसार खर्च गर्नुपर्दछ । नियमानुसार एक शिर्षकमा विनियोजन भएको बजेट अर्कै शिर्षकमा खर्च गरेको नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ९,००,००० |

५७ **कृषि कार्यक्रम** (१०३-२०८१-३-२०):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले कमलेश्वरी कृषक समूहलाई तरकारी बाली पकेट विकास कार्यक्रमको निरन्तरताका लागि भुक्तानी दिएको रु. ५,००,०००/- को विउ विजन तथा कृषि सामाग्रीहरु खरिद भएको विल पेश गरेकोमा खरिद भएका विउ विजनहरु कृषकहरुलाई वितरण भएको भर्पाई तथा अन्य प्रमाणहरु पेश नगरेकोले सो खरिद भए अनुसारका विउ विजनहरु वितरण गरेको भर्पाई पेश हुनुपर्ने अन्यथा असुल हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

५८ **इन्टरनेट वापत विल भर्पाईभन्दा बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले निम्नानुसारको भुक्तानीमा इन्टरनेट जडान तथा Renew भएको प्रमाण बेगर रकम भुक्तानी गरेकोले सो अनुसारको इन्टरनेट जडान तथा Renew भएको प्रमाण पेश हुनुपर्ने अन्यथा सम्बन्धितबाट असुल हुनुपर्ने रू.

| **क्र. सं.** | **विद्यालयको नाम** | **भुक्तानी भएको रकम** | **भुक्तानी हुनुपर्ने रकम** | **बढी भुक्तानी भएको रकम** | **कैफियत** |
|---|---|---|---|---|---|
| १ | प मा वि लौनिया | १२००० | १२००० | १२००० | पालिकाले अनुगमन(सत्यापन) गर्दा इन्टरनेट वापत खर्च नभएको(नजोडेको) विवरण उपलब्ध भएको |
| २ | राजाजी आ वि बनरझुला | १२००० | १२००० | १२००० | |
| | **जम्मा** | | | **२४०००** | |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २४,००० |

५९ **दिवा खाजा अनुदान रकम बढी भुक्तानी**

विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा तोकिएका विद्यार्थीको दिवा खाजाका लागि विद्यालयलाई अनुदान सम्बन्धि व्यवस्था रहेको छ । यस पालिकाले निम्नानुसारको विद्यालयमा दिवा खाजाका लागि उपलब्ध गराएको अनुदान रकम तथा विद्यालयले पेश गरेको प्रमाणित हाजिरी रेकर्ड परीक्षण गर्दा हुनुपर्नेभन्दा बढी रकम भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम उक्त विद्यालयबाट असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने देखिएको रू.

| क्र. सं. | विद्यालयको नाम | दिवाखाजा वापत भुक्तानी भएको जम्मा रकम | भुक्तानी हुनुपर्ने जम्मा रकम | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प मा वि लौनिया | ५८५००० | ५१२२०५ | ७२७९५ | विद्यालयले उपलब्ध गराएको विद्यार्थी हाजिरी संख्याका आधारमा पूरा शैक्षिक सत्रको परीक्षण गर्दा बढी भुक्तानी भएको देखिएको |
| | **जम्मा** | | | **७२७९५** | |

| असुल गर्नुपर्ने | ७२,७९५ |
|---|---|

६० **भुक्तानी दिन बाँकीको कच्चावारी नराखी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को दफा ३९(१४) मा चालु वर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने उचित आधार र पर्याप्त कारण भएमा सम्बन्धित कार्यालयले संलग्न बिल, भरपाई बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिने गरि महालेखा परीक्षकबाट स्वीकृत ढाँचामा भुक्तानी दिन बाँकीको विवरण तयार गरी आर्थिक वर्ष समाप्त भएको सात दिनभित्र कोष तथा लेखा नियन्त्रक कार्यालयतथा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई राख्नुपर्ने व्यवस्था छ। लेखापरीक्षण योजना अनुसार श्रेस्ता परीक्षण गर्दा पालिकाले यस वर्ष देहाय बमोजिमका भुक्तानीहरु गत विगत आर्थिक वर्षमा भुक्तानी दिन बाँकी रहेको भनी भुक्तानी दिएको छ। यसरी भुक्तानी दिंदा दोहोरो भुक्तानी हुने तथा बजेट व्यवस्थापनमा समेत प्रभाव पर्ने सम्भावना हुन्छ । नियमावलीले तोकेको ढाँचामा अधिकार प्राप्त अधिकारीबाट प्रमाणित गराई भुक्तानी दिन बाँकीको कच्चाबारी तथा अभिलेख नराखि भुक्तानी दिएको भुक्तानी नियमसम्मत मान्न नसकिएको रु.

| सि.नं. | भौ. नं./मिति | योजना / व्यक्तिको नाम | भुक्तानी दिन बाँकी रहेको आ व | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | ६/०८०।६।३० | आकाश कुमार मण्डल | २०७९।८० | ३०४४२२ | २०७९ फागुन देखि २०८० श्रावण सम्मको तलवभत्ता |
| २ | १८/०८०।८।१२ | वर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरू | २०७९।८० | १०९५०० | वर्थिङ सेन्टरमा कार्यरत नर्सिङ कर्मचारीहरूको नाइट भत्ता |
| | | **जम्मा** | | **४१३९२२** | |

| अनियमित भएको | ४,१३,९२२ |
|---|---|

६१ **दोहोरो भुक्तानी भएको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले शैक्षिक सुशासनका लागि संस्थागत क्षमता विकास कार्यक्रम अन्तर्गत IT स्रोत शिक्षकहरूका लागि EMIS सम्बन्धि ३ दिने तालिम कार्यक्रमका लागि भौ. नं. १२४ मिति २०८१।३।२४ बाट रु. १,०२,०००/- खर्च लेखेको देखिएकोमा पुनः सोही कार्यक्रमका लागि भौ. नं. १३० मिति २०८१।३।२४ बाट समेत रू. १,०२,०००/- नै खर्च लेखेको देखिएकोले एक पटक मात्र भुक्तानी हुनुपर्ने रकम दोहोरो भुक्तानी भएको देखिएकोले एकपटकको रकम रू. १,०२,०००/- असुल भै संघीय संचितकोष दाखिला हुनुपर्ने रू.

| असुल गर्नुपर्ने | १,०२,००० |
|---|---|

६२ **नर्म्सभन्दा बढी भुक्तानी**

अर्थ मन्त्रालयको कार्य सञ्चालन निर्देशिका २०७७ को क्रियाकलाप नं. ७.१.१५ तालिम, गोष्ठी, सेमिनार, कार्यशाला, सञ्चालन सम्बन्धी खर्चको मापदण्ड सम्बन्धी व्यवस्था रहेको छ । यस पालिकाले निम्नानुसारको भुक्तानीमा सो निर्देशिकाले व्यवस्था गरेको नर्म्सभन्दा बढी भुक्तानी भएको देखिएकोले सम्बन्धितबाट असुल गरी दाखिला हुनुपर्ने रु.

| क्र.सं. | मिति/भौ.नं. | भुक्तानी पाउनेको नाम | भुक्तानीको विवरण | भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | ११०/०८१।३।१५ | शैलेन्द्र कुमार सिंह | प्रशिक्षक भत्ता | २००० | १५०० | ६३७५ | १५ दिनको (कर कट्टी भएको) |
| | | | संयोजक भत्ता | ७०० | ४०० | ३८२५ | |
| २ | १२३/०८१।३।२४ | ममता कुमारी सिंह | संयोजक भत्ता | १००० | ४०० | २५५० | ५ वटा कार्यक्रमको कर कट्टी पछिको |
| ३ | | | | १५०० | ४०० | ४६७५ | |
| ४ | | रिमु चौधरी | | १००० | ४०० | २५५० | |
| | | | जम्मा | | | **१९९७५** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १९,९७५ |

६३ **फिल्ड भत्ताको व्यवस्था नभएकोमा फिल्ड भत्ता भुक्तानी** (९-२०८०-७-१):

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले फिल्डभत्ताको व्यवस्था नभएकोमा आ व २०७९।८० को बाँकी भुक्तानी जनाई विभिन्न १६ जना स्वास्थ्यतर्फका कर्मचारीहरुलाई प्रति महिना प्रति व्यक्ति १२०० का दरले रु २३०४००/- भुक्तानी गरेको छ । गत आ व मा भुक्तानी नभएको प्रमाण पेश नभएको तथा फिल्ड भत्ता दिन मिल्ने कानुनी आधार पनि नदेखिएकोले भुक्तानी भएको सो रकम सम्बन्धितबाट असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने देखिएको रू.

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,३०,४०० |

६४ **प्रमाण बेगर भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले निम्नानुसारको भुक्तानीमा भुक्तानी दिन मिल्ने पर्याप्त प्रमाण बेगर भुक्तानी दिएको देखिएकोले भुक्तानी गर्नुपर्ने उचित तथा आवश्यक प्रमाण पेश गर्नुपर्ने अन्यथा सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र. सं. | भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | खर्च विवरण | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | १९/०८०।८।१३ | विष्णुदेव साह | तलव भत्ता | ५३९२० | २०७८ मा महिनाको तलवभत्ता छुट भनी भुक्तानी भएकोमा छुट भएको प्रमाण पेश नभएको |
| २ | ५८/०८०।१०।२६ | बाल कुमार साह | तलव भत्ता | ५२६७६ | अवकाश प्रमाण तथा तलव भत्ता छुट भएको प्रमाण पेश नभएको |
| ३ | | भुपेन्द्र झा | | २८२३२ | |
| ४ | | राम कृष्ण साहु तेली | | ११९३६ | |
| ५ | १३७/०८१।३।२४ | मातृ तथा नवजात शिशु कार्यक्रम | यातायात खर्च | १६४०० | संघीय संचित कोष दाखिला हुनुपर्ने रकम पालिका कोष खातामा दाखिला भएकोले संघीय संचित कोष दाखिला हुनुपर्ने |
| | | जम्मा | | १६३१६४ | |

| प्रमाण पेश नगरेको | १,६३,१६४ |
|---|---|

६५ **पाठ्यपुस्तक अनुदान बढी भुक्तानी**

विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि निःशुल्क पाठ्यपुस्तक अनुदान सम्बन्धि व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार विद्यालयहरूमा कक्षागत विद्यार्थी संख्या अनुसार पाठ्यपुस्तकको स्वीकृत दर रेट अनुसार प्रथम पटक ७५ प्रतिशत अनुदान दिने तथा सो अनुसार वितरण भएको विवरणका आधारमा बाँकी २५ प्रतिशत अनुदान उपलब्ध गराउनुपर्नेमा निम्नानुसारको विद्यालयमा पाठ्यपुस्तक वितरण भए अनुसार हुनुपर्नेभन्दा बढी भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम उक्त विद्यालयबाट असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रू.

| क्र. सं. | विद्यालयको नाम | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|
| १ | ज मा वि तोपा | १२२१३२ | वितरण भएको विवरण अनुसार कक्षा १ देखि कक्षा १० सम्मको बढी भुक्तानी भएको |
| | **जम्मा** | **१२२१३२** | |

| असुल गर्नुपर्ने | १,२२,१३२ |
|---|---|

६६ **विज्ञान प्रयोगशाला निर्माण तथा सञ्चालनको प्रमाण पेश नभएको**

विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिकामा भएको व्यवस्था अनुसार विद्यालयमा विज्ञान प्रयोगशाला अनुदान कार्यक्रम अन्तर्गत यस पालिकाले विज्ञान प्रयोगशाला निर्माण तथा व्यवस्थापनका लागि श्री राजाजी आधारभूत विद्यालय वनरसुल्लालाई रु. ६,५०,०००/- भुक्तानी गरेकोमा सो रकम खर्च भै निर्माण भएको विज्ञान प्रयोगशालाको फोटोसहित विल भर्पाई पेश हुनुपर्नेमा सो अनुसारको प्रमाण पेश नभएकोले सो रकमको समुचित उपयोग भएको तथा कार्यक्रम कार्यान्वियन पुस्तिकाले व्यवस्था गरेअनुसारको विज्ञान प्रयोशाला निर्माण भएको फोटोसहित विल भर्पाई प्रमाण पेश गर्नुपर्दछ ।

६७ **छात्रा तथा दलित छात्रवृत्ति अनुदान रकम बढी भुक्तानी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । साथै विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा सार्वजनिक विद्यालयका विद्यार्थीहरूका लागि गैरआवासीय छात्रवृत्तिका लागि छात्रा तथा दलित छात्रवृत्ति सम्बन्धि व्यवस्था रहेको छ । सो व्यवस्था अनुसार छात्रवृति पाउने विद्यार्थी विवरण यकिन गरी विद्यालयलाई अनुदान रकम उपलश्ध गराउने र सो रकम सम्बन्धित विद्यार्थीहरुलाई वितरण गरेको भर्पाई उपलब्ध गराई वितरण भएको सुनिश्चत गर्नुपर्दछ । सो अनुसारको विवरण परीक्षण गर्दा निम्नानुसारका विद्यालयहरुमा विद्यार्थी संख्याभन्दा बढी रकम भुक्तानी भएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धित विद्यालयबाट असुल गरी संघीय संचितकोष दाखिला हुनुपर्ने रू

| क्र. सं. | विद्यालयको नाम | छात्रवृत्ति वापत भुक्तानी भएको रकम | भुक्तानी हुनुपर्ने रकम | बढी भुक्तानी भएको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | प मा वि लौनिया | १२८००० | ११४००० | १४००० | पालिकाले अनुगमन(सत्यापन) गरी यकिन गरेको विद्यार्थी संख्या तथा वितरण भएको भर्पाइका आधारमा बढी भुक्तानी भएको देखिएको |
| २ | ज मा वि तोपा | २११६०० | १७४८०० | ३६८०० | |
| | | **जम्मा** | | **५०८००** | |

| असुल गर्नुपर्ने | ५०,८०० |
|---|---|

## ६८ बढी भुक्तानी

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको र उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ । यस पालिकाले निम्नानुसारको भुक्तानीमा भुक्तानी दिनुपर्नेभन्दा बढी रकम भुक्तानी दिएको देखिएकोले बढी भुक्तानी भएको रकम सम्बन्धितबाट असुल गर्नुपर्ने रु.

| क्र. सं. | भौ.नं./मिति | भुक्तानी पाउनेको नाम | खर्च विवरण | भुक्तानी हुनुपर्ने रकम | भुक्तानी भएको रकम | बढी भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | शिव नारायण मण्डल | हाजार्ड भत्ता | १३१०६४ | १५७२८४ | २६२२० | शुरु तलव स्केलको २५ प्रतिशतले भुक्तानी हुनुपर्नेमा ग्रेड सहितको २५ प्रतिशत भुक्तानी भएको(पूरा वर्षको) |
| २ | २३/०८०।८।१४ | विनोद कुमार मण्डल | Emergency maintenance work | ८७१४४ | ९१२४८ | ४१०५ | Roller प्रयोग नभएकोमा Roller को दर भुक्तानी भएको |
| ३ | १०९/०८१।३।२१ | राजु कुमार झा | अनुगमन भत्ता | १००० | १६०० | ५१० | कर कट्टी पछिको भुक्तानी |
| ४ | | राजेश कुमार झा | | १००० | १६०० | ५१० | |
| ५ | | बद्री नारायण मण्डल | | १००० | १६०० | ५१० | |
| ६ | | अशोक कुमार मण्डल | | १००० | १६०० | ५१० | |
| ७ | | उदय कान्त झा | | १००० | १६०० | ५१० | |
| ८ | ११३/०८१।३।२२ | नेहा अफसेट प्रेस | विल भुक्तानी | ४८०८४ | ५०००० | १९१६ | विल भर्पाईभन्दा बढी भुक्तानी |
| ९ | १२५/०८१।३।२४ | दिपक कुमार मण्डल | अनुगमन भत्ता | ४००० | ६४०० | २०४० | प्रधानमन्त्री रोजगार कार्यक्रमको अनुगमन (कर कट्टी पछिको भुक्तानी) |
| १० | | ज्योति यादव | | ४००० | ६४०० | २०४० | |
| ११ | | कमल कुमार मण्डल | | १००० | १६०० | ५१० | |
| १२ | | रमेश कुमार मुखिया | | १००० | १६०० | ५१० | |
| १३ | | दिपेन्द्र कुमार | | ४००० | ४८०० | ६८० | |
| १४ | | जिवछ लाल मण्डल | | ३००० | ४८०० | १५३० | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | जम्मा | | | ४२१०१ | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४२,१०१ |

६९ **सिकाइ सामग्री व्यवस्थापन अनुदान रकमको खर्चको प्रमाण पेश नभएको**

विद्यालय शिक्षा कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ मा प्रति विद्यार्थी लागतका आधारमा सिकाइ सामाग्री तथा डिजिटल सिकाइ सामग्री व्यवस्थापनका लागि विद्यालयलाई अनुदान दिनुपर्ने व्यवस्था छ । सो अनुसार पालिकाले पालिकाभित्रका विभिन्न १७ वटा विद्यालयहरुलाई अनुदान रकम रु. १५,७४,३५०/- उपलब्ध गराएको देखियो । सो अनुदान रकमको सही सदुपयोग भएको पालिकाले अनुगमन गरी सुनिश्चित गर्नुपर्दछ । साथै उपलब्ध अनुदान रकम खर्च भएको विल भर्पाई पेश गर्नुपर्नेमा सो समेत गरेको देखिएन । नियमानुसार उपलब्ध गराएको अनुदान रकमको अनुगमन गरी समुचित प्रयोग भएको सुनिश्चित गर्नुका साथै सो अनुसारको विल भर्पाई पेश गर्ने र सो को समेत लेखापरीक्षण गराउने व्यवस्था मिलाउनुपर्दछ ।

७० **सोझै खरिद**

सार्वजनिक खरिद ऐन २०६३ कोदफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तैसार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ (१) मा रु.५लाखसम्म (सार्वजनिक खरिद नियमावलीको मिति २०७८।१२।३ को ११ औँ संसोधन पश्चात १०लाख) को खरिद कार्य सोझै गर्नसकिने, रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्नेव्यवस्था छ । त्यस्तै सोझै खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने उल्लेख छ । यो वर्ष चालु किसमका सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नअपनाइ निम्नानुसार सोझै खरिद गरेको नियमसम्मत देखिएन । पालिकाले यस्ता खरिद कार्य गर्दा नियमावलीमा व्यवस्था भए अनुसार अधिकतम प्रतिस्पर्धा हुनेगरी खरिद कार्य गर्ने व्यवस्था गर्नुपर्दछ ।

| **क्र.सं.** | **भौ.न/मिति** | **विवरण** | **आपुर्तिकर्ता** | **रकम** |
|---|---|---|---|---|
| १. | ६५।२०८०।९।११ | मसलन्द तथा कार्यालय सामाग्री | मिडिया टेक प्रालि | ९४९८३६ |
| २. | ८३।२०८०।९।१८ | भेटनरी औषधि | मन्दिप भेटनरी औषधि पसल | १९९७९० |
| ३. | २३३।२०८१।१।२४ | भेटनरी औषधि | कंकालिनी भेटनरी सेन्टर | ९९९८२० |
| ४. | ३१०।२०८१।३।१४ | भेटनरी औषधि | नोवेल भेटनरी | १४५०१५ |
| ५. | १३७।२०८०।१०।२५ | मसलन्द तथा कार्यालय सामाग्री | न्यु माइक्रोल्याण्ड कम्प्युटर एण्ड सप्लायर्स | ७८७८३७ |
| ६. | २२५।२०८१।१।२४ | मसलन्द तथा कार्यालय सामाग्री | पशुपति ट्रडर्स एण्ड जेनरल सप्लायर्स | ९९८६४८ |
| | **जम्मा** | | | **४०८०९४६** |

७१ **भर्पाइ पेश नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली २०७७ को नियम ३९(५) मा विल भर्पाइ सहितको लेखा राख्नुपर्ने व्यवस्था रहेको छ । त्यसैगरी सोही नियमको उपनियम १० मा कुनै रकमको भुक्तानी दिंदा रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने उल्लेख छ ।निम्न कार्यहरुको विल भर्पाइ प्रमाण पेश नभएकोले भर्पाइ प्रमाण पेश गर्नुपर्ने रु.

| क्र.सं. | भौ.न/मिति | विवरण | रकम |
|---|---|---|---|
| १. | ३९।<br>२०८०।७।<br>२३ | धर्मराज ट्रेडर्स एण्ड सप्लायर्सबाट रेनकोट खरिद गरेकोमा सो सामाग्रि वितरण गरेको भर्पाइ पेश नभएको | ५०८५०० |
| २. | २९५।<br>२०८१।३।<br>११ | डीफ्लेक्स क्रिएटिभ डिजाइनर्श एण्ड प्रिन्टर्श बाट २००० थान अफिस क्यालेण्डल खरिद गरेकोमा सो सामाग्री वडा लगायत अन्य विद्यालयमा हस्तान्तरण भएको तर वितरणको भर्पाइ नभएको। | ३११८८० |
| ३. | ८।२०८०।<br>११।१० | श्री जनता मावि तोपालाइ भुक्तानी भएकोमा सो खर्चलाइ पुस्टी गर्ने विल भर्पाइ पेश गर्नुपर्ने | ४१४८५० |
| ४. | | पर्यटन पूर्वाधार शिर्ष मा रु.९९४४० खर्च भएकोमा सो खर्चलाइ पुस्टी गर्ने विल भर्पाइ नभएको | ९९४४० |
| | | **जम्मा** | **१३३४६७०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १३,३४,६७० |

७२ **परामर्श सेवा**

१५ बेडको अस्पताल तथा ७ वटा सामुदायिक विद्यालयको खानेपानी तथा सरसफाईको लागि DPR का लागि परामर्श सेवा लिएकोमा निम्नानुसार पाइयो ।

७२.१ (२१-२०८०-३-२३):

१५ बेडको अस्पतालको Detail project Reject को कार्य Techno grate consulting pvt. ltd. ले गरी रु १९२१०००/- को खर्च लेखेकोमा निम्नानुसार पाइएकोले कार्य नगरेको आधारमा कार्यालयले यकिन गर्नुपर्दछ ।

क) गाउँपालिकाभित्र १ अस्पताल भर्खरै निर्माण गरी हस्तान्तरण हुन बाँकी रहेको अवस्था अर्को अस्पताल निर्माणको लागि DPR गरेको छ । एक स्थानीय तह एक अस्पतालको अवधारणाभन्दा फरक कार्य भएको छ ।

ख) DPR तयार पछि कार्यालयमा Presentation गर्नुपर्नेमा उपरोक्त कार्य नगरी रू. ५३८००/- खर्च लेखेको छ ।

ग) Procurement export को काम नभएकोमा ९८३००/- खर्च लेखेको छ ।

घ) Inception Report पेश गरेको छैन ।

ङ) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले नै सबै प्रकारको अस्पतालको Type design गरिसकेको कार्यमा DPR गरेको छ ।

च) TOR मा उल्लेख गरेका निम्नानुसार कार्यहरू नगरी खर्च लेखेको छ ।

· Topography
· Acero and drainage walls
· Moips system
· Sanitary, electric design, HVAC design
· Rate analysis, specification
· 3D design
· Door and window schedule
· Wire counts and detalenter design
· Blow up detail
· Detail design report
· Detail structure working drawing
· Footing detail नभएको
· Water tank detail and design
· Sill lintel छैन
· Design report
· electronic design

· lighting and fan layout plan छैन ।
· Telecommunications and networking caste layout
· Power backup system plan
· Fire alarm system
· AC unit plan
· Placement at switch plug socket height at hanging
· Light and wall hight
· Design report
· Detail water supply and firefighting system design and drawings
· Septic tank ac sock pit
· HV
· E/W excavation र filling को दर manual राखेको छ ।
· Drawing मा ground level नखुलेको
· Lower, upper, slab, beam को site drawing मा नखुलेको
· Footing size नखुलेको
· Re bar percentage मा दिएको
· Floor height नखुलेको

७२.२ (२०३-२०८१-३-२४):

१७ वटा सामुदायिक विद्यालयको खानेपानी तथा सरसफाईको लागि Kiru Engineering consultant Pvt Ltd. बाट गराएकोमा निम्नानुसार पाइयो ।

DPR at ward office building 5 को कार्य गरी रु ६१३२५०/- खर्च लेखेकोमा कार्यालयबाट नै drawing design गरी खर्च लेख्नुपर्नेमा बाहिरी consultant बाट कार्य गराएको छ ।

क) Inception Report पेश गरेको छैन ।

ख) १७ वटा विद्यालयको २ प्रकारको मात्र design रहेकोमा धेरैमा man power देखाएको छ ।

ग) TOR अनुसार निम्न कार्यहरु गरेको छैन ।

· Topography climate
· Availability and distance of transportation at local materials, nearer market and road head one distance involved for
· Possible determinate water treatment facilities
· Operation and maintenance issues
· Treatment facilities analysis
· Latest technologies and design filter
· Structure conditions
· Rate analysis गरेको छैन, civil works
· Toilet block
· १७ वटामा नै १०० मिटर depth Boring राखेको
· Water demand खुलाएको छैन ।
· तराईमा RVT 25$m^3$ र SSF को कार्य देखाएको छ ।
· Re creation tower
· Water drainage system छैन ।
· LPS खुलाएको छैन ।
· Volume- 2 पेश भएको छैन ।

## ७३ मुल्य अभिवृद्धि कर

मुल्य अभिवृद्धि कर नियमावली , २०५३(तेइसौँ संसोधन) नियम ६ ग मा सरकारि निकायले ठेक्का सम्झोता वा करार अन्तर्गत आपुर्तिहुने वस्तु वा सेवा वा वस्तु तथा सेवा वापतको रकम सम्वन्धित ढेकेदार वा आपुर्तिकर्तालाई भुक्तानी गर्दा निजलाई भुक्तानी गर्ने कर

रकमको ३० प्रतिशत हुन आउने रकम निजको नामबाट सम्वन्धित राजश्व शिर्षकमा जम्मा गरि बाँकि रहने कर वापतको रकम मात्र सम्वन्धित ढेकेदार वा आपुर्तिकर्तालाई दिनुपर्ने व्यवस्था छ । पालिकाले देहायको भुक्तानीमा नियमानुसार ३० प्रतिशत रकम कट्टा नगरि फर्मलाई नै भुक्तानी दिइएकोले मु.अ.कर समायोजन प्रमाण पेश गर्नुपर्ने

| **गो.भा.नं/मिति** | **व.शि.नं.** | **भुक्तानीपाउनेको नाम** | **भुक्तानीरकम** | **मु.अ.कर रकम** | **३०% रकम** |
|---|---|---|---|---|---|
| ३९-२०८०/७/23 | चालु | धर्मराजट्रेडर्स एण्ड सप्लायर्स | ५०८५०० | ५८५०० | १७५५० |
| ३४९-२०८१/३/२२ | चालु | भोलाट्रेडर्स एण्ड टुर्स | ४६७२५५ | ५३७५५ | १६१२७ |
| ९७-२०८१/३/१५ | पुँजिगत | विपि एस कम्प्युटर एण्ड इलेक्टोनिक | ३९२८३५ | ४५१३९ | १३५५८ |
| जम्मा | | | | | ४७२३५ |

| प्रमाण पेश नगरेको | ४७,२३५ |
|---|---|

७४ **बढी भूक्तानी**

करार सेवा शुल्क शिर्षकवाट श्याम मुखिया मलाहलाइभुक्तानी भएको रु ५९९१० रकम गत आ व को भुक्तानी रहेकोमा भुक्तानी वाकिकोकच्चावारि प्रमाणित वेगर भुक्तानी भएकोले नियमसम्वत नरहेको साथै वैरसु मुखियालाइ३ महिनाको तलव भुक्तनीमा महिनाको १५०० को दरले भुक्तानी हुने निर्णय भएकोमा रु१८००० भुक्तानी भएकोले बढी भुक्तानी रकम असुल गरि राजस्व दाखिला गर्नुपर्ने रु.

| असुल गर्नुपर्ने | १३,५०० |
|---|---|

७५ **प्रमाण पेश गर्नुपर्ने**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन २०७६ मा चालु वर्षको वजेटलेनथाम्ने गरि बढी खर्च हुने गरि दायित्व सिर्जना गर्न नहुने र विशेष कारण एवम्परिस्थितिवश कुनै व्यक्ति फर्म संस्था वा कम्पनीसँग भएको सम्झौता बमोजिमको रकमखर्च शिर्षकहरुमा चालु बर्षको बजेटले नखामेको खर्च व्यहोर्नु पर्ने भएमा विलभर्पाइ बमोजिमको रकम आगामी वर्षमा भुक्तानी दिन पर्ने कारण खोली महालेखापरिक्षकको कार्यालयले तोकको ढाँचामा भुक्तानी दिन बाँकिको कच्चावारिमा चढाई श्रावण १५ गते भित्र प्रमाणित गराइ राख्नुपर्ने व्यवस्था छ र उपनियममा उल्लेखित खर्च वाहेक अन्य खर्चहरुको भुक्तानी स्वीकृत वार्षिक कार्यक्रममा समावेश भएको अवस्थामा दिन सकिने उल्लेख छ । पालिकाले २०७८ सालको भु .पु जनप्रतिनिधिहरुको बैठकभत्ता कुन आधारमा भुक्तानी भएको हो सो आधार पेश गर्नुपर्ने र वैठक माइन्युट पेश गर्नुपर्ने रु.

| प्रमाण पेश नगरेको | ५,१८,४०० |
|---|---|

७६ **प्रोत्साहन भत्ता**

नेपाल सरकार अर्थमन्त्रालय द्धारा जारि सार्वजनिक खर्चमामितव्ययिता कायम गर्ने सम्वन्धि मापदण्ड २०७८ को दफा ११(1) बमोजिम कुनै प्रकारकाप्रोत्साहन तथा विशेष भत्ता प्रदान गरिने व्यवस्था छैन ।पालिकाले ५०% सम्म गत आव को प्रोत्साहन भत्ता कार्यालयका अधिकृत राजु कुमार झा , इन्जिनियर भाष्करप्रसाद सिंह , ज .स्वा. नी. दिपक कुमार मण्डल र का स जुग्नु कुमार मण्डलाइतथा लेखा प्रमुखलाइ ७महिनाको प्रोत्साहन भत्ता रु. ५३४२४७ वितरण गरेको पाइयो । कर्मचारिलाईअतिरिक्त समय काम गरेको प्रोत्साहन भत्ता वितरण गर्नका लागि अतिरिक्त समय कामगरेको विवरण विद्युतिय हाजिरीबाट राखिप्रमुख प्रशासकीय अधिकृतबाट प्रमाणित गराउनु पर्ने व्यवस्था छ । यसरि प्रोत्साहनभत्ता उपलब्ध गराउदा प्रोत्साहन भत्ता सुचक विद्युतीय हाजिरी तथा कार्यसम्पादन सुचक लगायतको प्रमाण संलग्न गरेर मात्र प्रोत्साहन भत्ता उपलब्ध गराउने व्यवस्था मिलाउनुपर्दछ ।

७७ **अग्रिम आयकर**

आय कर २०५८ को दफा ८८ र ८९ बमोजिम तोकिएको दरमा कर कट्टा गरि दाखिला गर्नु पर्ने व्यवस्था छ । देहायबमोजिमको भुक्तानीमा कर कट्टा गरेको नपाइएकोले असुल गरि दाखिला हुनुपर्ने रु.

| भौ.नं. र मिति | नाम | विवरण | रकम |
|---|---|---|---|
| गाँ.पा चालु-५९-२०८०/८/१९ | देवप्रसाद मण्डल | रु. ५४०००कोवहाल कर नकाटेकोले काटेर दाखिला गर्ने | ५४०० |
| १२८-२०८०/१०/१६ | करारसेवा शुल्क | रु. १३०५०० को सामाजिक सुरक्षा कर नकाटेकोले काटेर दाखिला गर्ने | १३०५ |
| ३५२ | पाथिभरा नेटवर्क प्रा लि | अग्रिम कर नकाटेकोले काटेर दाखिला गर्ने | ४८९५ |
| ३५३-२०८१/३/२२ | वेभसर्फर नेपाल कम्युनिकेसन सिष्टम प्रा लि | अग्रिमकर नकाटेकोले काटेर दाखिला गर्ने | २६६४ |
| जम्मा | | | १४२६४ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १४,२६४ |

# अनुसूचीहरू

## अनुसूची - १

## आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०८०/८१

कार्यालय र स्थान : तिलाठी कोईलाडी गाउँपालिका, सप्तरी , तिलाठी कोईलाडी गाउँपालिका , सप्तरी

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | सुरेन्द्र कुमार यादव | २०७९-६-३० | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | शत्रोहन दास | २०७८-४-१ | हाल सम्म कार्यरत |

बेरुजु वर्गीकरण:

| असूल गर्नुपर्ने | अनियमित भएको | प्रमाणका कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा पेश्की |
|---|---|---|---|---|---|
| ८६३,४६४ | १,७८७,२३६ | ७,७७५,५९१ | ० | ० | ५,८७४,२६३ |
| | | | | **प्रारम्भिक प्रतिवेदनबाट देखिएको बेरुजू रु.** | १६,३००,५५४ |
| | | | | **प्रारम्भिक प्रतिवेदन उपर फछ्र्यौट गरी संपरीक्षण भएको रकम रु.** | ० |
| | | | | **संपरीक्षणबाट थप भएको बेरुजू रु.** | ० |
| | | | | **लेखापरीक्षण प्रतिवेदनमा कायम बेरुजू रु.** | १६,३००,५५४ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | ६२९१९२८४.४४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३०२०८३००० | चालु खर्च | २५३६४५५०४.०२ |
| प्रदेश सरकारबाट अनुदान | ८१२३०००.० | पूँजीगत खर्च | ९५०८६३१२ |
| राजश्व बाँडफाँट | ७५४१२२६९.४८ | वित्तीय/अन्य व्यवस्था | १९९८७५०४८.४१ |
| आन्तरिक आय | २७२००६३.६६ | | |
| अन्य आय | १५६७४०२२८ | | |
| कुल आय | ५४५०७८५६१.१४ | कुल खर्च | ५४८६०६८६४.४३ |
| बाँकी मौज्दात | | ५९३९०९८१.१५ | |

## अनुसूची - २

# सुझाव

स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण, विद्यमान कानुनको पूर्ण परिपालना, बजेट अनुशासन, आन्तरिक आय बढाउने, करदाताको अभिलेख राख्ने, आन्तरिक आयलाई व्यवस्थित गर्ने कार्यमा अझै सुधार आवश्यक छ। सो को अतिरिक्त प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारी समेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्योटमा सुधार गर्नुपर्ने व्यहोरा देखिएका छन्। पालिकाको कार्य सम्पादनलाई प्रभावकारी बनाउन देहायका थप सुधार गर्न आवश्यक छ ।

- स्थानीय तहले अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यमकालीन खर्च संरचना तयार र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम पालिकाले आफ्नो अधिकार क्षेत्रभित्रको विकासका लागि आवधिक योजना बनाई लागू गर्नुपर्दछ।
- संघ तथा प्रदेश सरकारबाट प्राप्त हुने वित्तीय हस्तान्तरण र राजस्व बाँडफाँटको मार्गदर्शन बमोजिम विनियोजनमा कुशलता, कार्यान्वयनमा दक्षता र अपेक्षित नतिजा प्राप्त हुने गरी स्रोतगत वर्गीकरणका आधारमा बजेट विनियोजन गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहले आफ्नो अधिकार क्षेत्र र कार्यबोझको विश्लेषण गरी संगठन र व्यवस्थापन सर्वेक्षणका आधारमा पदपूर्ति गर्ने र सेवा करारबाट लिइने कर्मचारीको व्यवस्थापन गर्नुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सीमित नहुने गरी खरिद गर्नुपर्ने, नियमावली २०६४ को नियम ८५ मा रु.१० लाख सम्म सोझै खरिद गर्न सकिने र नियम ८४ अनुसार १० लाखभन्दा बढीको खरिद कार्य सिलबन्दी दरभाउपत्र र २० लाख भन्दा भन्दा माथि बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यवस्था बमोजिम निर्माण कार्य, औषधी खरिद, परामर्श एवं वस्तु तथा सेवाको खरिद गरिनुपर्दछ।
- सार्वजनिक खरिद ऐन, २०६३ को दफा २९ बमोजिम कार्यालयमा उपलब्ध जनशक्तिबाट काम हुन नसक्ने भएमामात्र परामर्श सेवा लिनुपर्दछ । सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार उपभोक्ता समिति मार्फत मेसिन औजार आवश्यक नपर्ने, श्रममुलक कार्य गराउनुपर्दछ ।
- निर्माण व्यवसायी वा उपभोक्ताबाट हुने कामको निर्माण सुरु मिति, लागत कार्य सम्पन्न गर्नुपर्ने मिति, म्याद थप भएकोमा म्याद थप मिति, कार्यसम्पादन जमानतको अवधि, कार्य सम्पन्न भएको मिति, नापी गरेको मिति लगायत विस्तृत विवरण देखिने गरी म.ले.प.फा.नं. ५०६ र ५०७ बमोजिम ठेक्का अभिलेख राख्नुपर्दछ ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम पालिकाले आफ्नो क्षेत्र भित्रको आधारभूत तथ्यांक संकलन, अभिलेख व्यवस्थापन गरी स्थानीय तथ्यांक सम्बन्धी नीति, कानुन र सोको मापदण्ड निर्माण गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८(५) बमोजिम स्थानीय तहले सार्वजनिक सेवा प्रवाहलाई पारदर्शी, उत्तरदायी र जवाफदेही बनाउन सार्वजनिक परीक्षण, सामाजिक परीक्षण तथा सार्वजनिक सुनुवाई गर्नुपर्दछ।
- स्थानीय तहले आन्तरिक आयको परिधिभित्र रही औचित्यका आधारमा विविध खर्च आर्थिक सहायता, चन्दा, पुरस्कार तथा संस्थागत अनुदान वितरणको मापदण्ड बनाइ खर्चमा नियन्त्रण एवम पारदर्शिता कायम गर्नुपर्दछ ।

- पुँजी निर्माणमा सहयोग नरहने तथा उत्पादनमा वृद्धि नगर्ने खर्चलाई नियन्त्रण गरी पुँजीगत खर्च दक्षतामा अभिवृद्धि गर्नुपर्दछ । नाफा कमाउने उद्देश्यले स्थापित संस्थालाई अनुदान उपलब्ध गराउने कार्यमा नियन्त्रण गर्नुपर्दछ।
- कार्यक्रम कार्यान्वयन पुस्तिकामा IEMIS मा प्रविष्ट तथ्यांकलाई सम्बन्धित विद्यालयबाट कक्षागत विद्यार्थीहरुको यथार्थ तथ्याङ्कसंग भिडाई सोका आधारमा विद्यालयहरूलाई अनुदान निकासा गर्नुपर्दछ।
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र र न्यायिक सम्पादनको प्रक्रिया व्यवस्था भए बमोजिम निर्धारित समय भित्र न्याय सम्पादन कार्य फर्स्यौट वा किनारा गरी टुङ्ग्याउनुपर्दछ।
- पालिकाले सबै आर्थिक कारोबार सूत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गरी स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ ।
- स्थानीय तहहरूमा रहेका भारी यन्त्र उपकरणहरू निःशुल्करूपमा समेत प्रयोग गरेको कारण ती उपकरणबाट प्राप्त आम्दानी भन्दा सञ्चालन खर्च बढी रहेको देखिन्छ। अतः यस्ता उपकरण प्रयोगको शुल्क तोकी प्रयोग गरेको लगबुकको आधारमा शुल्क असुल गर्ने व्यवस्था गर्नुपर्दछ।
- आन्तरिक लेखापरीक्षण नहुने, भएकोमा प्रतिवेदन नदिने, प्रतिवेदनमा उल्लिखित बेहोरा कार्यान्वयन नहुने, आन्तरिक लेखापरीक्षकलाई फरक जिम्मेवारीमा खटाउने गरेकोले आन्तरिक लेखापरीक्षण प्रभावकारी देखिँदैन। आन्तरिक लेखापरीक्षणलाई प्रभावकारी बनाउनुपर्दछ।
- पालिकामा निर्माणाधीन आधारभूत अस्पताल र कार्यालय भवन समयमै निर्माण सम्पन्न गर्नुपर्दछ । पालिकामा सञ्चालित आधारभूत अस्पतालको कारोबारको लेखाङ्कन तथा प्रतिवेदन सुत्र प्रणाली बमोजिम गरी पालिकाको वित्तीय विवरणमा खुलासा गर्नुपर्दछ।